# अध्याय-एक

# परिचय

## १.१ पृष्ठभूमि

जिविकोपार्जनको लागि आफ्नो घर, परिवार, समाज र देश छोडि विदेशमा गई गरिने रोजगार नै वैदेशिक रोजगार हो । नेपालमा राजनीतिक परिवर्तनसँगै आर्थिक तथा सामाजिक विकासले गति लिन नसकेकोले नेपालको श्रम बजारमा उपलब्ध हुने लाखौ युवा जनशक्ति रोजगारी तथा अवसरको खोजी गर्दै विदेशिन वाध्य हुनुपरेको छ । मुलुकभित्र रोजगारीको अवसर कम हुनु र विश्वव्यापीकरण तथा बजार अर्थतन्त्रले औद्योगिक समाजमा रोजगारीको सम्भावना वढ्दै जानु जस्ता कारणले नेपाली युवाहरुको पहिलो रोजाई वैदेशिक रोजगार भएको छ । श्रम बजारमा प्रवेश गर्ने सबैलाई राज्यले रोजगारीको व्यवस्था गर्न सकेको छैन त्यसैले नेपाली युवाहरुको ठूलौ संख्या वैदेशिक रोजगारीतर्फ आकर्षित भएको छ ।

नेपालमा प्रतिवर्ष करिब ५ लाख व्यक्ति श्रम बजारमा थपिने गरेको अनुमान छ । तर श्रम बजारमा आउने व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराउने विषय अझैपनि चुनौतीको रुपमा रहेको छ । उत्पादनमुलक रोजगारी सिर्जना तथा मुलुकमा उपलब्ध युवा जनशक्तिको उपयोग गरी आर्थिक विकासलाई गति प्रदान गर्नुपरेको छ । श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार हाल नेपालमा बेरोजगारी ११.४ प्रतिशत रहेको छ । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

कामदारले विदेशमा पाउने रोजगार नै वैदेशिक रोजगार हो । विश्वको कुनै पनि क्षेत्र वा मुलुकहरूमा रहेको वेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारको लागी जाने क्रमलाई वैदेशिक रोजगारी भनिन्छ । एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । नेपाली नागरिक लाई विदेशमा रोजगारी उपलब्ध गराउन संचालन गरेको व्यवयाय वैदेशिक रोजगार व्यवसाय हो । (वैदेशिक रोजगार ऐन, २०६४) ।

नेपालमा वि.सं. २०४२ सालदेखि वैदेशिक रोजगार ऐन जारी भएको देखिन्छ । वि.सं. २०४६ सालको मुलुकको राजनीति परिवर्तन पश्चात मुलुकको अबलम्बन गरेको उदार र बजार अर्थतन्त्र नीति एवं विश्व श्रम बजारमा देखिएको अवसरले गर्दा नेपालमा

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जानेको वैदेशिक रोजगारमा जानेको संख्या ७,५८,६७५ जना रहेको थियो, यसमा महिला कामदार २.५८ प्रसिंख्या वर्षेनी वढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०५०/०५१ देखि आर्थिक वर्ष २०६२/०६३ सम्ममा तशत रहेको ाथियो । त्यस्तैगरी आर्थिक वर्ष २०६३/०६४ देखि २०६७/०६८ सम्मको विवरण अनुसार वैदेशिक रोजगारीमा जानेको जम्मा जनसंख्या १३,२२,३५९ रहेको छ । यसमा महिलाको संख्या ३४,१४१ र पुरुषको १२,८८,२१८ रहेको छ । (वै.रो.वि., २०६८) ।

वैदेशिक रोजगारीमा जाने जनशक्तिको संख्या आर्थिक वर्ष २०७१।७२ को फागुन महिनाको अन्तसम्ममा २६ लाख पुगिसकेको छ (आर्थिक सर्वेक्षण, २०७२) । यो संख्यामा भारतमा गई काम गर्ने श्रमशक्ति उल्लेख गरिएको छैन् । (आर्थिक सर्वेक्षण, २०७२) ।

आर्थिक वर्ष २०७४/७५ सम्ममा ४३ लाख ६५ हजार ४ सय १५ कामदार वैदेशिक रोजगारीमा गएका छन् । यसमध्ये ४१ लख ६७ हजार ३१० पुरुष र १ लाख ९८ हजार १ सय ५ महिला रहेका छन् । (आर्थिक सर्वेक्षण, २०७५/२०७६)।

यसरी नेपालमा बढ्दो वैदेशिक रोजगारीको लागि पहाडी क्षेत्रहरुबाट मात्र नभई तराईबाट पनि युवाहरु विदेशिने गरेको छ । यही परिपेक्षमा सर्लाही जिल्ला हरिपुर नगरपालिकाको लक्ष्मीपुरमा रहेका वैदेशिक रोजगारमा संलग्न मुसलमान परिवारहरुको वैदेशिक रोजगारीको अवस्था के कस्तो छ र यसबाट यिनीहरुको जीवनमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा केन्द्रित रहि यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

देशभित्र रोजगारीको प्रर्याप्त अवसर नभएका कारण वैदेशिक रोजगारीको आर्कषण उच्च रहेको छ । हाल करिब ४३ लाख ६५ हजार ४ सय १५ युवा वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगारीमा गएका मध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्धदक्ष २४ प्रतिशत र अदक्ष ७४.५ प्रतिशत रहेका छन् । (आर्थिक सर्वेक्षण, २०७५/२०७६) ।

वास्तवमा आफ्नो देशमा रोजगारीको अवसर उपलब्ध नभएकाले अन्तराष्ट्रिय श्रम बजारमा नेपाली युवा युवतीहरु श्रम वेच्न वाध्य भएका छन् । वर्तमान सन्दर्भमा वैदेशिक रोजगार व्यवसायले देशको सामाजिक र आर्थिक विकासमा मेरुदण्डको भूमिका खेलिरहेको भएतापनि विविध समस्या र चुनौतिहरु विद्यामान नै रहेका छन् । नेपालको कुल ग्राहस्थ्य उत्पादनको २८ प्रतिशतसम्म अंश ओगटन सफल र करिव ५६ प्रतिशत परिवारको आयको श्रोत मानिएको वैदेशिक रोजगारीबाट प्राप्त आयलाई सही सदुपयोग गर्न नसकिएकोले

आर्थतन्त्रमा तात्विक सुधार नभएको विश्लेषण गरिएको पाईन्छ । प्राप्त आय उत्पादन क्षेत्रमा प्रवाह हुन नसेकेको, वैदेशिक वस्तु तथा सेवाको उपभोग गर्ने प्रवृत्ति हावी भएको, वैदेशिक रोजगारीमा जाने युवाहरुको परिवार बिलासी बनेको देखिन्छ । (पोखरेलः२०७१) ।

नेपालको श्रम बजारमा उपलब्ध श्रम शक्तिहरु अधिकांश नै आधारभूत प्राविधिक ज्ञान र सीप समेत नभएका छन् । तालिम तथा सीप विकास सम्बन्धमा सरकारबाट भएका प्रयासहरु अपर्याप्त छ भने सीप एवं क्षमता विकासमा चेतना तथा श्रोत साधनको कमीले धेरैजसो श्रम शक्तिहरु शिप तथा प्राविधिक ज्ञान विना नै वैदेशिक रोजगारीको लागि जाने गरेका छन् । नेपाली कामदारहरुमा सीप नभएको कारणले वैदेशिक रोजगार व्यवसायीहरुले वढी कमिसन तिरेर भएपनि अदक्ष जनशक्ति को माग ल्याउने गरेका छन् किनकी वैदेशिक रोजगार व्यवसायीको लगानी यसैमा वढी सुरक्षित छ । तालिम कार्यक्रमबारे लक्षित वर्गलाई थाहा नभएको, विदेशमा जानु अघि अभिमुखीकरण तालिम अनिवार्य रुपमा लिनुपर्ने भनी कानूनी व्यवस्था गरिएपनि वैदेशिक रोजगारीमा जानेले तालिम लिने गरेको नदेखिएको जस्ता जनशक्ति विकास सम्बन्धी समस्याहरु वैदेशिक रोजगारीमा देखिएका छन् ।

नेपालमा कमजोर औद्योगिकीकरण र निर्वाहामुखी कृषि व्यवसाय भएकोले व्यापार असन्तुलनका कारणले मुलुकले वर्षेनी अर्बौको भुक्तान असन्तुलनलाई वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्स आयले ठूलो राहत दिएको छ जसले वैदेशिक मुद्रा सञ्चितिमा समेत उल्लेख्य योगदान पुर्‍याएको छ । नेपालको शान्ति स्थापना र संविधान निर्माणको निर्धारित लक्ष्य समयमै पुरा हुन नसकेकाले लगानीकर्ताहरु ढुक्क भै उद्योगधन्दा, पूर्वाधार र सेवाजन्य क्षेत्रमा तत्काल थप लगानी गर्ने धरातलीय यथार्थ नरहेको स्थितिमा वैदेशिक रोजगार प्रवर्द्धन आजको अनिवार्य वाध्यता बनेको छ (वैदेशिक रोजगार, २०६८/६९) ।

यसरी जिविकोपार्जनको लागि आफनो परिवार लाई छोडि वैदेशिक रोजगारमा जानुलाई समस्याको रुपमा हेरि यस वैदेशिक रोजगारको अवस्था र यसबाट यी परिवारहरुमा आएका सामाजिक र आर्थिक परिवर्तनहरु र यसका प्रभावहरुको सम्बन्धमा देहायका सवालको जवाफ खोज्ने यस अध्ययनले प्रयास गरेको छ । :

क) वैदेशिक रोजगारीको अवस्था कस्तो रहेको छ ?

ख) वैदेशिक रोजगारीबाट आर्थिक अवस्थामा के कस्तो सुधार आएको छ ?

माथि उल्लेखित सरल तर गहन प्रश्नहरु मेरो मस्तिष्कमा आएको र यस प्रश्नहरुबाट प्रेरित भई यो अनुसन्धान गरको हुँ ।

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको उद्देश्य हरिपुर नगरपालिका, लक्ष्मीपुर सर्लाहीका वैदेशिक रोजगारमा संलग्न मुसलमान परिवारहरुको आर्थिक अवस्थामा आएको परिवर्तनहरु र प्रभावहरु बारे पत्ता लगाउनु हो । यसका साथै निम्न विशिष्ट उद्देश्यहरु रहेका छन् :

- वैदेशिक रोजगार संलग्न परिवारहरुको आर्थिक अवस्थाहरु पत्ता लगाउनु ।
- वैदेशिक रोजगारीमा जानुका कारणहरु पत्ता लगाउनु ।
- वैदेशिक रोजगारीबाट आएका परिवर्तनहरु र प्रभावहरुको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले वैदेशिक रोजगारका विभिन्न विषयहरुको बारेमा धेरै अध्ययन अनुसन्धान गरि सकेका छन् । तर विशेष गरि तराईमा वैदेशिक रोजगारीमा संलग्न परिवारहरुमा यस वैदेशिक रोजगारले पारेको प्रभावको बारेमा अहिलेसम्म कम मात्रामा अध्ययन भएको छ । वैदेशिक रोजगारीमा संलग्न परिवारहरुको सामाजिक तथा आर्थिक परिवर्तनका पक्षमा बाध्यात्मक कारणहरुको खोजी गर्ने यस अध्ययनले भोलिका दिनमा यी समुदायका विकासका लागि आधारभूत सूचनाहरु प्रदान गर्ने हुन्छ । भोलिका दिनमा यिनै समुदायका बारेमा अध्ययन गर्ने अनुसन्धानकर्ता, योजनाविद तथा कानूनविद्हरुलाई यस अध्ययनबाट सहयोग पुग्ने कुरामा आशा राख्दै केहि कुराहरु तल उल्लेख गरेको छुँ :

१. हरिपुर नगरपालिका, लक्ष्मीपुरको समाजशास्त्रीय दृष्टिकोणले यो पहिलो अध्ययन हो ।

२. यस अध्ययनले लक्ष्मीपुरका वैदेशिक रोजगारमा संलग्न परिवारहरुको अध्ययन गरि उनीहरुको वास्तविक अवस्था बुझ्न मद्दत गर्नेछ ।

३. यो अध्ययन सामाजिक कार्यकर्ता, सरकारी गैरसरकारी संघ संस्थाहरुलाई वैदेशिक रोजगारबाट पर्न गएका प्रभावहरुको बारेमा जानकारी दिई यसका लागि आगामी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन लागि उपयोगि हुनेछ ।

४. यो अध्ययन वैदेशिक रोजगार र यसको प्रभावसंग सम्बन्धित भएकाले अनुसन्धानकर्ता तथा अन्य व्यक्तिहरुका लागि उपयोगि हुनेछ ।

# अध्याय-दुई

# पूर्व साहित्यहरुको अध्ययन

## २.१ पूर्व साहित्यको समिक्षा

सन् १९५० पछि नेपालले आफ्नो विदेश नितिमा खुल्ला गर्‍यो त्यसपछि विभिन्न जनजाति, भाषा, संस्कृति तथा सामाजिक जीवनमा देखिएका विविध सामाजिक स्वरुपहरुका बारेमा स्वदेशी तथा विदेशी समाजशास्त्रीहरु र मानवशास्त्रीहरुबाट अध्ययन अनुसन्धान शुरु भयो । "वैदेशिक रोजगार र यसको आर्थिक,  प्रभाव" सम्बन्धी अध्ययनलाई सहयोग पुग्ने हिसाबले विभिन्न समयमा स्वदेशी तथा बिदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले लेखेका किताब, लेख, रचनाहरु, शोधहरु अध्ययन गरिएको छ । जुन निम्नानुसार रहेका छन् ।

### २.१.१ वैदेशिक रोजगारको इतिहास

नेपालमा वैदेशिक रोजगारीको शुरुवात १६औं शताब्दीमा राम शाहको पालाबाट भुटानको राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी धातुकर्मीको रूपमा कामदार आपूर्ती र चीनमा अरनिकोलाई मुर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मुलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाई मलायमा काम गर्ने लाहुरेहरूबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाईन्छ (www.dofe.gov.np)।

सन् १८१५ भन्दा अगाडी पनि नेपालीहरू भारतको आसाम, मेघालय, मणिपूर, भुटान, वर्मा, दार्जलिङ जस्ता मुलुकमा रोजगारीको लागि गएको पाईन्छ । ती स्थानमा नेपालीले रबर उधोग, खानी, चियावगान जस्ता क्षेत्रमा काम गरेको पाईन्छ । यसै सिलसिलामा काम सिकी केही मजदुर नेपालमा आएर काम शुरु गरेको पाईन्छ । यसको ज्वलन्त उदाहरण नेपालको पूर्वी क्षेत्रमा भएको चिया बगानलाई लिन सकिन्छ (पण्डित, २०५७:४२) ।

सन् १८१५ मा तल्कालिन ब्रिटिश साम्राज्यले भारतमा गोर्खा सैनिकको बटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगारीको सुरु भएको पाईन्छ (पोखरेल, २०५७:४) ।

सन् १८१४/१५ मा नेपाल र इष्टइण्डिया कम्पनी विच भएको युद्धमा नेपालीले आफ्नो देशभक्ति र बिरता देखाएकोले अंग्रेजहरुले नेपाली विर योद्धा हरुलाई आफ्नो सेनामा सामेल गराउने मनसायले तत्कालीत सम्झौता (सन् १८१६ सुगौली सन्धी) अनुरुप उनीहरुले

३ वटा रेजिमेन्ट स्थापना गरी ति रेजिमेन्टहरु लाई लाहोरमा (हालको पाकिस्तान) राखेका थिए (पोखरेल, २०५७) । ती रेजीमेन्टमा भर्ना हुन प्राय नेपालीहरु लाहोरमा नै जाने गर्दथे । यसरी लाहोर जाने नेपालीहरुसँग उनीहरुका परिवारका अन्य सदस्यहरु पनि सँगसँगै जाने र त्यहाका होटेल, कलकारखाना आदिमा काम गर्न थाले । यसरी ती रेजिमेन्टहरुमा भर्ना हुनेहरुमा हालका गोरखा, लमजुङ्ग, तनहु, कास्की आदि क्षेत्रवाट वढिको संख्या रहेको थियो । यसका साथै त्यस वेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खा नामले वढि चिनिने भएकाले लाहोरमा उनीहरु गोर्खालीका नामले चिनीन थाले भने नेपालमा ती रोजगारीका लागी विदेश जाने आउने नेपालीलाई लाहुरे भन्न थालियो (पोखरेल , २०५७) ।

सन् १९५० को दशक पछि नै विदेश जाने प्रचलनको विकाश र विस्तार भएको हो (दाहाल, २०५५) । यसपछि नेपाल पनि खुल्ला अर्थव्यवस्थामा अगाडी वढ्न थाल्यो र सन् १९६३ (वि.सं. २०२०) सालपछि विभिन्न ठाउँमा नेपाली आप्रवासीलाई दु:ख दिएको अनि रोजगारीमा गएका व्यक्तिले पनि दुख पाएको तथ्यहरु प्रकाशमा आउन थाल्यो । यसका साथै निजि क्षेत्रहरुको सहभागिता विभिन्न देशमा वढ्न थालेपछि नेपाल सरकारले वि.स. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रममन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थीत र परिमार्जित गर्दै लैजाने निती लिन थाल्यो । यसरी जव मन्त्रालयको गठन भयो त्यस पछि विशेषगरी वैदेशिक रोजगारीलाई कसरी व्यवस्थीत गर्न सकिन्छ र भैपरी आउने जटिल समस्याका समाधानको लागी वि.सं. २०४२/०३/०२ गते देखि लागु हुने गरी वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो । यस ऐन आएपछि वैदेशिक रोजगारका क्षेत्रमा केहि परीमार्जन र सरलता आएकोले यस क्षेत्रको संस्थागत विकासमा एउटा क्रान्तीकारी परिवर्तन नै आयो । त्यस ऐनलाई विभिन्न समयमा संसोधन गर्दै हाल मिती २०६४/०५/१९ गते देखि लागु हुने गरी संशोधित वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ निर्माण भएको छ । यसरी क्रमिक रुपमा विकास हुदै आएर नेपालमा हाल वैदेशिक रोजगारको संस्थागत (६३१ मेनपावर कम्पनी) रुपबाट संचालन भएको पाईन्छ (वैदेशिक रोजगार ऐन, २०६४) ।

वैदेशिक रोजगार ऐन वि.सं. २०४२ सालदेखि लागु भएको हो । ऐन लागु भएपछि वैदेशिक रोजगार व्यवसायलाई संस्थागत रूपमा विकास गर्न छैटौं योजना देखि शुरु भएको हो । (राष्ट्रिय योजना आयोग : २०३७) यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत त्रि-वर्षीय योजनामा समेत नेपाली श्रमिकहरूको सुरक्षाको लागि नेपालका कुटनैतिक नियोग को

रूपमा अन्य सरकारी निकायलाई परिचालन गरिने कुरा उल्लेख छ । (राष्ट्रिय योजना आयोग : २०६५) । पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसर उपलब्ध गराउने दीर्घकालीन सोच लिएको छ । यस्तै उक्त योजनाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य राखेको छ । (राष्ट्रिय योजना आयोग : २०७५) ।

नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित र विदेशमा रहँदा आइपरेका समस्यालाई समाधान गर्नको लागि बंगलादेश, चीन, जर्मनी, मलेशिया, अमेरिका लगाएत १८ मुलुकहरुमा नेपाली दुतावासहरु संचालन गरेको छ । (दाहाल, २०६६ :४२) ।

नेपाल सरकारले ११० मुलुकलाई संस्थागत रुपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वकिृति लिई १७२ मुलुकमा कामका लागि वैदेशिक रोजगारमा गएका छन् । हाल लिविया र इराकमा काम गर्न जान श्रम स्वीकृति दिने कार्य स्थगित गरिएको छ । नेपाली कामदारको मुख्य गन्तब्य मलेशिया, कतार कुवेत, बहराइन, साउदी अरेयिबा र संयुक्त अरब इमिरेट्स रहेका छन् । आर्थिक वर्ष २०७५।७६ मा जोर्डन संग आप्रवासन श्रम सम्बन्धी सम्झौता भएको छ । आ.ब. २०६६।६७ देखि २०७५।७६ फागुनसम्म ४५ लाख ४० हजार ९ सय ६ नेपाली युवाहरु वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

वैदेशिक रोजगारीको सिलसिलामा गन्तब्य मुलुकमा मृत्यु हुने र अङ्गभङ्ग भई अपाङ्ग हुने संख्या प्रत्येक वर्ष बढेको छ । आ.व. २०७४।७५ मा विभिन्न देशमा वैदेशिक रोजगारीमा रहेका ८०१ पुरुष र २० महिला गरि ८२१ नेपाली श्रमिकको मृत्यु भएको थियो । आ.ब. २०७५।७६ को पहिलो आठ महिनामा ४८९ पुरुष र १५ महिला गरि ५०४ को मृत्यु भएको छ । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

नेपालको वैदेशिक रोजगारीमा देखिएको समस्यालाई पहिचान गर्दै यसलाई सम्बोधन गर्ने सवालमा नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयबाट प्रकाशित वार्षिक वुलेटिन (२०६९) मा उल्लेख भए बमोजिम- “वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन वैदेशिक रोजगार प्रशासनको आधुनिकीकरण तथा सुदृढीकरण गरी वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, सीप, प्रविधि र पूँजीलाई उत्पादनमूलक कार्यमा आकर्षित गर्न आवश्यक रहेको छ” । मन्त्रालयबाट प्रकाशित बुलेटिनमा अगाडि भनिएको छ- “यस

सम्बन्धमा थप भनाई अनुसार विदेशमा रहेका नेपाली कामदारहरु र विशेष गरी महिला कामदारहरुको हकहित संरक्षण एवं सम्बर्द्धन गर्ने तथा कामदारहरुको लागि सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै सरोकारवाला निकायहरुबीचको समन्वयलाई प्रभावकारी बनाई तदनुकूल नीति तथा कार्यक्रमहरु निर्वाधरुपमा कार्यान्वयन हुने वातावरण तयार गर्न जरुरी छ" ।

सरकारले क्षेत्रगत रुपमा राष्ट्रीय रोजगार निती, २०७१ र वैदेशिक रोजगार निती २०६८, कार्यान्वयनमा ल्याएको छ । अन्तराष्ट्रिय क्षेत्रमा दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय श्रम संगठन अभिसन्धि मार्फत सुरक्षित रोजगारी को प्रतिवद्दता व्यक्त गरेको छ । यसका लागि आन्तरिक रोजगारीको प्रर्वद्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व अभिवृद्धि गर्ने रणनीती अनुरुप विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन् । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी वेरोजगारहरुको पहिचान र सुचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सुचीकृत भएका बेराजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभुतिको व्यवस्था गरेको छ । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

सबै नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गरि मौलिक हकका रुपमा रहेका रोजगारीको हकको कार्यान्वयन गर्ने आन्तरिक रोजगारी र उधमशिलता प्रर्वद्धन गरी वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गर्ने, कामका लागि पारिश्रमिक मार्फत गरिबी न्यूनिकरण र सामाजिक संरक्षणमा योगदान पुर्‍याउने, स्थानीय स्तरका विकास निर्माण कार्य मार्फत सार्वजनिक पूँजी निर्माण गरी स्थानीय जनताको जीवनस्तर सुधार गर्न मद्दत पुर्‍याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा आएको छ । (आर्थिक सर्वेक्षण, २०७५-२०७६) ।

### २.१.२ वैदेशिक रोजगार र यसको प्रभाव

पूँजी, प्रविधि र उद्यमशिलता विकास नभएको नेपालको व्यापार घाटापूर्तिसमेत वैदेशिक रोजगारीले योगदान गरेको देखिन्छ । वैदेशिक रोजगारीमा देखिएका ठगी, शोषण महिला हिंसा आदि जस्ता अवान्छित गतिवधि यस क्षेत्रको दुःखद एवं मार्मिक पाटो हो, तर

पनि देशको बेरोजगारी अवस्थामा कमी ल्याउन, गरिबी न्यूनीकरण  गर्न र अर्थतन्त्रको सुदृढीकरणमा वैदेशिक रोजगारबाट पुगेको योगदानलाई उल्लेखनीय मान्नु पर्दछ (वैदेशिक रोजगार बुलेटिन, व.२, अं.१: २०६८।६९) ।

नेपालमा प्रर्याप्त रोजगारको अवसर नभएकाले नेपाली युवाहरुको वैदेशिक रोजगार आकर्षणको केन्द्र बनेको छ । वैदेशिक रोजगारले मुलुकको ग्रामिण क्षेत्रको आर्थिक अवस्थामा सुधार आएको छ भने गरिवी न्यूनिकरणमा समेत सहयोग पुर्‍याएको छ । यसका साथै वैदेशिक रोजगारले बेरोजगारी तथा गरिवी घटाई नेपालको आर्थिक विकासमा उल्लेख्य योगदान गरेको छ  (आर्थिक सर्वेक्षण, २०६९) ।

वैदेशिक रोजगारीमा गएका जनशक्तिले आफ्नो मातृभूमिमा पठाउने कमाईलाई विप्रेषण (रेमिटान्स) भनिन्छ । विकासको लगानीको एक श्रोतको रुपमा रहेको विप्रेषणले स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय आर्थिक विकासमा महत्वपूर्ण योगदान दिनुका साथै गरिवी घटाउन साधनको रुपमा कार्य  गर्दछ । किनभने विप्रेषण गरिब र सिमान्तकृत परिवाररतिर वढी लक्षित हुन्छ (राई र तिमिल्सिना:२०७०)। विप्रेषणले मानिसलाई आम्दानीको भय र जोखिमपूर्ण जीवनयात्राबाट बचाउँछ । विदेश कमाई  गर्न  पठाउने समुदायको जीवनस्तर, शिक्षा, स्वास्थ्य र कल्याणमा सुधार गर्न विप्रेषणले मद्दत गर्न सक्दछ (राई र तिमिल्सिना:२०७०)। राष्ट्रले यस (विप्रेषण) का लागि उचित श्रम बजार तथा श्रम मूल्यको नीति  सरकारी तवरबाट तय गर्दा अझै भरपर्दो आर्थिक श्रोतको रुपमा रहन सक्छ (राई र तिमिल्सिना:२०७०)।

वैदेशिक रोजगारीबाट प्राप्त आय (विप्रेषण) ले नेपालको कुल ग्राहस्थ्य उत्पादनको २८ प्रतिशत भन्दा वढी अंश ओगटन सफल भएको छ (आर्थिक सर्वेक्षण, २०७२) र यो अनुपात वर्षेनी वढदै गएको छ । नेपालमा ५६ प्रतिशत भन्दा वढी घर परिवारले विप्रेषण आय प्राप्त गर्ने गरेको देखिन्छ (आर्थिक सर्वेक्षण, २०६९) । यसैगरी वैदेशिक रोजगारीबाट नेपालले वार्षिक रुपमा प्राप्त हुने विप्रेषण वापतको रकम पनि वार्षिक वढदै गएर हाल रु. ३५० अर्ब भन्दा वढी परिचालन भएको देखिएको छ । यसबाट नेपालको अर्थतन्त्र वैदेशिक रोजगारीमा आश्रित बन्दै गएको देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त हुने आय विप्रेषणबाट मुलुकको आर्थिक र सामाजिक विकासमा योगदान गर्ने सम्बन्धमा पोखरेल(२०७१) अगाडि भन्दछन्- “विप्रेषणले कुन

हदसम्म सामाजिक विकास गर्छ भन्ने कुरा पनि राष्ट्रको संस्थागत वातावरणमा भर पर्दछ । राजनीतिक विश्वास, लगानी वातावरण तथा जनतालाई दिने सामाजिक संरक्षण जस्ता पक्षहरुले विप्रेषण वढ्न गई सामाजिक, आर्थिक विकास सम्भव र सहज हुनसक्छ ।" विप्रेषणको उपयोग प्रभावकारी नभएमा मुलुक परनिर्भर हुने र गरिवी निवारणमा समेत यसको प्रभाव सून्य हुने गर्दछ । यस सम्बन्धमा स्पष्ट पार्दै पोखरेल(२०७१) पुन अगाडि थप्छन्- "पारिवारिक तहमा प्राप्त विप्रेषण प्राप्त घरायासी उद्देश्यहरु जग्गा जमिन घर खरिद, ऋण चुक्ता, गरगहना खरिद तथा बैंक मौज्दात जस्ता अनुत्पादनशील क्षेत्रमा खर्चले खासै आर्थिक उन्नती हुने देखिदैन । विप्रेषणलाई कूल आर्थिक मेरुदण्ड मान्ने मुलुकहरुका लागि परनिर्भर आर्थिक स्थितिको वढ्दो मात्रा र आफैंले रोजगारी सृजना गर्न नसक्ने मुलुकलाई परनिर्भरताको चंगुलमा फसाउने देखिन्छ ।" (पोखरेल ईश्वर, २०७१) ।

## २.२ सैद्धान्तिक दृष्टिकोणहरु

वैदेशिक रोजगारीबाट समाजमा पर्न गएको प्रभावलाई समाजशास्त्रिय दृष्टिकोणबाट अध्ययन गरिएको छ । विशेषगरि आधुनिकरण र विश्वव्यवस्था सिद्दान्त दृष्टिकोणहरुलाई मुख्य मार्गदर्शन आधार मानि यो अध्ययन गरिएको छ ।

### २.२.१ आधुनिकीकरण

विकाससँगै आएका विभिन्न अवधारणा मध्ये आधुनिकरण एक हो । सामाजिक परिवर्तनको प्रकृया मध्ये एक आधुनिकिकरण हो । दोश्रो विश्वयुद्ध पश्चात सन् १९५० देखि १९६० सम्म यस अवधारणाको विकास भएको थियो । यो एक प्रकृया हो जसका माध्यमबाट समाज सरलबाट जटिल र परम्परागतबाट आधुनिक तर्फ बदलिन्छ । यस प्रकृयामा मानविय जिवनमा परम्परागत सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक एवं मनोबैज्ञानिक क्षेत्रमा परिवर्तन आँउछ । आधुनिकिकरणका सम्बन्धमा Talcot parson ले समाज परम्परावादीबाट आधुनिकता तर्फ बढ्ने तथ्यमा विश्वास राख्दै समाजको परिवर्तन संगै विकासको प्रकृया र स्तर क्रमैसँगै विकसित हुँदै जाने मत राखेका छन् । समाजशास्त्रीयहरु इमाईल दुर्खिमको The division of labor, Max weber को The protestant and sprit of capitalism जस्ता पुस्तकहरु आधुनिकीकरणमा आधारित छन् ।

### २.२.२ विश्वव्यवस्था सिद्धान्त

विश्वव्यवस्था सिद्धान्तका मुख्य व्याख्याकार वालेस्ट्राइन हुन् । यसलाई नव मार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । उनको विश्लेषण पूँजीवादी

विश्व अर्थव्यवस्था र त्यसको तेस्रो विश्वका देशमा परेको प्रभावमा केन्द्रित छ । उनले विश्वको राष्ट्रहरुलाई आर्थिक आधारमा विभाजन गराएका छन् र विश्वअर्थव्यवस्थामा श्रम विभाजनलाई जोड दिएका छन् । पूँजीको अधिक लगानी, विशिष्टिकरण, पूँजीप्रवाह, फाइदा जस्ता विषयहरुमा विश्वका राष्ट्रहरु लागिपरेका हुन्छन् । उनले विश्वलाई तीन तहमा वर्गीकरण गरेका छन् ।

१) केन्द्र क्षेत्र : यसक्षेत्रमा विश्वका धनी राष्ट्रहरु पर्दछन् । प्राविधिक, औधोगिक, आर्थिक लगायत सम्पूर्ण दृष्टिले विकसित भएका हुन्छन् । यिनीहरुले पृष्ठराष्ट्रहरुबाट सस्ता मूल्यमा कच्चा पर्दाथहरु खरीद गरि वस्तु र सेवाको उत्पादन गरेर महंगीमा बेच्दछन् । अमेरिका, फ्रान्स, जर्मनी, बेलायत विकसित राष्ट्रहरु यस अन्तर्गत पर्दछन् ।


२) अर्धपृष्ठ क्षेत्र : यस क्षेत्रमा मध्य खालका राष्ट्रहरु पर्दछन् । यी राष्ट्रहरुको विकास मध्यम स्तरमा भइरहेको हुन्छ । पृष्ठ एवम् आफ्नै राष्ट्रका स्रोतसाधन परिचालन गरी वस्तु उत्पादन गरेर केन्द्र तथा पृष्ठ राष्ट्रमा निर्यात गर्दछन् । जापान, कोरिया, भारत सिंगापुर देशहरु यस क्षेत्रमा पर्दछन् ।

३) पृष्ठ क्षेत्र : यस क्षेत्रमा विश्वका निम्न आर्थिक अवस्था भएका राष्ट्रहरु पर्दछन् । यी राष्ट्रहरु विकासका विभिन्न पक्ष्मा निकै पिछडिएका हुन्छन् । कच्चा पदार्थ एवंम श्रमको निर्यात केन्द्र तथा अर्धपृष्ठ राष्ट्रहरुमा गरी त्याहाँ उत्पादित महंगा वस्तुहरु र सेवाहरु उनीहरु उपभोग गर्दछन् । यी राष्ट्रहरुको आम्दानी निकै कम हुन्छ । यी राष्ट्रहरु केन्द्र र अर्धपृष्ठ राष्ट्रहरुबाट शोषिएका हुन्छन् । आफैले बेचेका कच्चा पर्दाथहरुबाट बनेका वस्तुहरु दोब्बर मूल्य हालि उपभोग गर्न बाध्य हुन्छन् । यस क्षेत्रमा अति कम विकसित नेपाल, भुटान, श्रीलंका, इथियोपिया जस्ता देशहरु पर्दछन् ।

यसरी विश्व पुँजीवाद व्यवस्था अन्तर्गत नेपाल एउटा अदक्ष र अर्धदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकसित हुन पुग्यो ।

## २.३ अवधारणागत ढाँचा

वर्तमान वैदेशिक रोजगारबाट सामाजिक र आर्थिक अवस्थामा आएका परिवर्तनहरुको बारे जानकारी दिने उद्देश्यले यस ढाँचा निर्माण गरिएको हो । यस ढाँचा भित्र रहि शोधपत्र तयार गरिएको छ ।




वैदेशिक रोजगारमा वृद्धि आउनुका मुख्य कारणहरु गरिबी, बेराजगारी र अशिक्षा हुन् । वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक पक्षहरुमा परिवर्तन आउनुका साथै यी परिवतर्नहरु विभिन्न पक्षहरुमा देख्न सकिन्छ । परिवारहरुको जिविकोपार्जनमा सुधार संगै आधुनिकीकरणको पक्ष अन्तर्गत बाटोघाटो बन्नु, शिक्षा, स्वास्थ्यमा सुदृढ हुनु र विदेशी सामानहरुको प्रयोगहरु बढ्नु जस्ता रहेका छन् । अर्को पक्ष वैदेशिक रोजगारीमा रहनेहरुको हक हितका लागि समयानुकुल वैदेशिक ऐन तथा निती नियमहरु परिमार्जन हुँदै गएको छ । बजारअर्थतन्त्रमा हेर्दा परम्परागत पेशा परिवर्तन गर्नुका साथै अन्य पेशामा लाग्नु, गाउँघरमै कामदारको कमिले कृषिमा प्रतिकुल असर पर्नु लगायत नेपाल विश्वव्यवस्थामा पृष्ठक्षेत्रको रुपमा अदक्ष र अर्धदक्ष कामदार पठाउने राष्ट्रको रुपमा रहि परनिर्भरता बढ्नु देखिएको छ ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययन सर्लाही जिल्ला हरिपुर नगरपालिका वडा नं. ५ को लक्ष्मीपुरमा गरिएको हो । यो सर्लाही जिल्लाको मलंगवा नगरपालिका देखि उतर तर्फ रहेको छ भने नवलपुरबाट दक्षिणमा रहेको छ । हरिपुर बजार तथा नवलपुर बजार यसको नजिक रहेको छ । मलंगवाबाट यस नगरपालिकाको दुरी २२ कि.मी. रहेको छ भने नवलपुरबाट ६ कि.मी. रहेको छ ।

वैदेशिक रोजगारमा थुप्रै जातजातिहरु गएका छन् । जसमध्ये मुसलमानहरुको अध्ययनलाई केन्द्रित गरि लक्ष्मीपुर लाई अध्ययन क्षेत्रका रुपमा लिइएको छ किनकि यस क्षेत्रमा मुसलमान जातिको बाहुल्यता रहेको छ । यस क्षेत्रबाट वैदेशिक रोजगारका लागि आकर्षण बढिरहेका र विदेश गई रोजगार गर्ने क्रम पनि बढिरहेकोले यसबााट आर्थिक, सामाजिक परिवर्तनहरु भई परिवारमा विभिन्न प्रभावहरु परेका छन् । हाल सम्म यस क्षेत्रको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिएको नभएकोले आफू यस क्षेत्रसँग परिचित भएका नाताले अध्ययनका क्रममा संकलन गरिएका सुचना तथा तथ्यहरु यथार्थपरक ढंगबाट प्रस्तुत हुनसक्ने हुँदा अध्ययनको लागि यस क्षेत्रलाई छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा गुणात्मक तथा संख्यात्मक दुवै खाले अनुसन्धान विधि प्रयोगमा ल्याईएको छ । सामान्यत परिमाणात्मक तथ्यहरु संकलन गरी यस अध्ययनलाई बढी सुदृढ गरिएको छ । जसका लागि संख्यात्मक तथ्याङ्क विधिलाई बढी प्रयोग गरिएता पनि गुणात्मक विधिलाई पनि त्यत्तिकै महत्व दिइएको छ । समग्रमा यस शोधलाई मिश्रित प्रणाली प्रयोग गरि अध्ययन गरिनेछ ।

## ३.३ नमुना छनौट विधि

लक्ष्मीपुरको मुस्लिम टोलबाट बैदेशिक रोजगारमा गएका सम्पूर्ण परिवारहरुलाई समग्रको रुपमा यस अध्ययनमा लिईएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरि अध्ययनका लागि लक्ष्मीपुरबाट वैदेशिक रोजगारमा गएका २५ परिवारहरु र वैदेशिक

रोजगारीबाट फर्किएका ५ जना व्यक्तिहरु गरि जम्मा ३० जना सुचनादाताहरुलाई अध्ययनको नमुनाका रुपमा लिईएको छ । परिवारको घरमुली पुरुष र पुरुष नभएको अवस्थामा महिलाहरुबाट सूचना संकलन गरिएको थियो र वैदेशिक रोजगारीबाट फर्किएका ५ जना व्यक्तिहरु स्वयंबाट अध्ययनको सूचनाहरु संकलन गरिएको थियो ।

## ३.४ तथ्यांकको स्रोत

यस अध्ययनमा गुणात्मक तथा संख्यात्मक तथ्यांकहरु संकलन तथा प्रयोग गरिएका छन् । जनसंख्या, सामाजिक आर्थिक अवस्था, पेशा, बसाइसराई, उमेर, लिंग, आम्दानी, शिक्षा आदिका लागि संख्यात्मक तथ्यांक संकलन गरिएका छन् भने वैदेशिक रोजगारीबाट आएका सामाजिक, आर्थिक परिवर्तनहरुबारे गुणात्मक तथ्यांक प्रयोगमा ल्याईएका छन् । यस अध्ययनमा प्राथमिक तथा द्वितिय तथ्यांकहरु प्रयोग गरिएका छन् । प्राथमिक तथ्यांकहरु कार्यक्षेत्र (Field Work) अन्तरवार्ताको माध्यमबाट संकलन गरिएका छन् । द्वितिय तथ्यांकहरु विषयवस्तुसँग सम्बन्धित विगतमा गरिएका अध्ययनहरु, प्रकाशित तथा अप्रकाशितक लेखहरु, कागजातहरु, किताबहरु, शोधपत्र, सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रकाशित कृतिहरुबाट संकलन गरिएका छन् ।

## ३.५ तथ्यांक संकलन पद्धति

यो अध्ययन प्राथमिक तथ्यांकमा आधारित रहेको छ । यो एक समाजशास्त्रीय अध्ययन भएकोले कार्यक्षेत्रबाट प्राथमिक तथ्यांकहरु संकलन गरिएका छन् । प्राथमिक सूचना संकलन गर्ने विधिहरु मध्ये घरधुरी सर्वेक्षण, मुख्य सूचनादातासंग अर्न्तवार्ता विधिको प्रयोग गरिएका छन् । कम समयमा बढि भन्दा बढि र वास्तविक सूचनाहरु प्राप्तिका लागि यी विधिहरुको प्रयोग गरिएका छन् । आवश्यक विषयवस्तु संग सम्बन्धित द्धितिय तथ्यांकहरु पनि प्रयोग गरिएका छन् ।

### ३.५.१ घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षण विधिको प्रयोग गरि प्राथमिक सुचनाहरु संकलन गरिएका छन् । विशेष गरि संख्यात्मक तथ्यांकहरु संकलनका लागि यो विधिको प्रयोग गरिएको हो । जनसंख्या, शिक्षा, विवाह, पेशा, लिंग, धर्म, जग्गा जमिन, कृषि आदि सम्बन्धी आधारभुत तथ्यांकहरु संकलनका लागि यस विधिको प्रयोग गरिएको छ । संरचित प्रश्नावलीको प्रयोग गरि वैदेशिक रोजगार सम्बन्धी संलग्न परिवारहरुमध्ये २५ घरधुरीहरुको र ५ जना वैदेशिक

रोजगारबाट फर्किएर आएका व्यक्तिहरुबाट सुचनाहरु संकलन गरिएको थियो । घरधुरी सर्वेक्षण सम्बन्धी संरचित प्रश्नावली अनुसुची क र ख मा राखिएको छ ।

### ३.५.२ मुख्य सुचनादातासंग अन्तरवार्ता

गहन, विस्तृत र गुणात्मक तथ्यांक संकलन गर्ने विधि मध्ये एक महत्वपुर्ण विधि मुख्य सुचनादाता संग अन्तरवार्ता विधिको प्रयोग यस अध्ययनमा गरिएको छ । यस्ता सुचनाहरु शिक्षक -१, वृद्ध महिला- १, वृद्ध पुरुष -१, वडाध्यक्ष-१, व्यापारी-१ गरि पाँचजना मुख्य सुचनादाताहरुबाट संकलन गरिएको थियो । संरचित प्रश्नावलीको प्रयोग गरि अन्तरर्वाता मार्फत सुचनाहरु संकलन गरिएको थियो । संरचित प्रश्नावली अनुसुची ग मा राखिएको छ ।

## ३.६ अध्ययनको सिमा

जुनसुकै अनुसन्धानको निश्चित उद्देश्य सहित सिमाहरु रहेका हुन्छन् । यस अध्ययनका निम्न सिमाहरु रहेका छन् ।

- यो अध्ययन सर्लाही जिल्ला हरिपुर नगरपालिकाको लक्ष्मीपुरमा वैदेशिक रोजगारमा संलग्न परिवारहरुको हो । यस अध्ययनबाट आएको निष्कर्ष अन्य ठाउँ, जातजाति तथा अन्य क्षेत्रमा रहेका सोहि जाति बिच उपयुक्त नहुन सक्छ ।
- समय र आर्थिक सिमितता रहि अध्ययन गर्नु ।
- यो अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र विषयको द्वितिय वर्षको आंशिक प्रयोजनको निमित्त तयार गरिएको हो ।

# अध्याय-चार

## तथ्यांक प्रस्तुतीकरण र विश्लेषण

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय दिइएको छ । यसका साथै वैदेशिक रोजगारमा संलग्न परिवारहरु तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुसंगको अन्तरवार्ता तथा छलफलबाट आएका तथ्यांकहरुलाई तालिकाको प्रयोग गरि विश्लेशण गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

### ४.१.१ सर्लाही जिल्लाको परिचय

सर्लाही जिल्ला नेपालको प्रदेश नं. २ अन्तर्गत मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अंचलमा पर्दछ । यस जिल्लाका पुर्वमा महोत्तरी, पश्चिममा रौतहट, उत्तरमा सिन्धुली र दक्षिणमा भारतको सोनवर्षा बोर्डर रहेको छ ।

यो जिल्ला विश्व मानचित्रमा ८५ं २०' देखि ८५ं ५०' पुर्वी देशान्तर तथा २६ं ४५'देखि २७ं १०' उत्तरी आक्षांश वीच अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल १२५९ वर्ग कि.मी. छ भने पुर्व पश्चिम औषत चौडाइ ४० कि.मी. र उत्तर दक्षिण औषत लम्बाई ३२ कि.मी. सम्म फैलिएको छ । यस जिल्लाको उचाई समुद्र् सतह देखि ६० मी. देखि ६५९ मी. सम्म रहेको छ । जिल्लाको भौगोलिक बनावटको दृष्टिकोणले उत्तरको चुरेडाडाँडा, बीचको भावर प्रदेश र दक्षिणको तराई प्रदेश गरी तीन भागमा विभाजन गरेको छ । ( सर्लाही जिल्लाको वस्तुस्थिति विवरण ,२०७२) ।

नेपाल राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या ७,६९,७२९ रहेको छ । यस जिल्लाको पुरुषको जनसंख्या ३८९७५६ र महिलाको जनसंख्या ३७९९७३ रहेको छ । वार्षिक जनसंख्या वृद्दिदर १.९१ रहेको छ । लैङ्गिक अनुपातको हिसाबले सय महिलामा पुरुषको अनुपात १०२.५७ पर्न गएको छ । २०६८ सालको जनघनत्व ६११.३८ पुगेको छ । (सर्लाही जिल्लाको वस्तुस्थिति विवरण, २०७२)) ।

मनसुनी हावापानीको प्रभाव भएको यस जिल्लामा अधिकांश मैदानी भाग भएतापनि बीचको भावर प्रदेश र उत्तरको चुरे श्रृखलाले गर्दा यस जिल्लाको दक्षिणतिर भन्दा उत्तर तिर गर्मी कम हुने र ज्यादै वर्षा हुने गर्दछ । जिल्लाको पश्चिमी सिमानामा रहेको बागमती नदी समेत लखनदेइ र झिम नदीहरु यहाँ छन् । यहाँ उत्पादन योग्य जमिन ६६.५७ प्रतिशत र वनक्षेत्रले ओगटेको जमिन २२.३१ प्रतिशत रहेको छ ।

### ४.१.२ हरिपुर नगरपालिका अन्तर्गत लक्ष्मीपुरको भौगोलिक र सामाजिक परिचय

सर्लाही जिल्लाको सदरमुकाम मलंगवाबाट हरिपुर नगरपालिकाको लक्ष्मीपुर लगभग २२ कि.मी. उत्तरमा रहेको छ र महेन्द्र राजमार्गमा स्थित नवलपुरबाट ६ कि.मी. दक्षिणमा रहेको छ। यस टोलको पुर्वमा मजुर्वा, पश्चिममा पिडारी, उत्तरमा हरिपुर र दक्षिणमा हरैया रहेको छ । त्यस्तै यस नगरपालिकाको पूर्वमा ईश्वरपुर, पश्चिममा बरहथवा, उत्तरमा लालबन्दी र दक्षिणमा कबिलासी रहेको छ। यस नगरपालिका दक्षिणवाट उत्तर तर्फ क्रमश : भु-वनावटको उचाई बढ्दै गएको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस लक्ष्मीपुर गा.वि.स. (हाल हरिपुर नगरपालिकामा गाभिएको) को कुल जनसंख्या ९,६९७ रहेको छ। जसमध्ये पुरुष ४,८०२ र महिला ४,८९५ रहेका छन् । यसका साथै यस गा.वि.स.को कुल घरधुरी संख्या १४६० रहेको छ। जसअनुसार लक्ष्मीपुरको मुस्लिम टोलमा ३१० घरधुरी र चौधरी टोलमा १४० घरधुरी रहेका छन्। लक्ष्मीपुरको मुस्लिम टोलबाट मात्र वैदेशिक रोजगारमा २७९ घरधुरी ( ९० प्रतिशत) संलग्न छन्। (सर्लाही जिल्लाको वस्तुस्थिति विवरण ,२०७२)।

यस गा.वि.स.मा रहेका जातजातिहरुको जनसंख्यालाई तालिका १ मा प्रष्ट गरिएको छ।

**तालिका ४.१**

**लक्ष्मीपुर को जातजाति अनुसार जनसंख्याको विवरण**

| जतजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| थारु | १८५५ | १९.१२ |
| ह्जाम | १४२ | १.४६ |
| मुसलमान | ३७१८ | ३८.३४ |
| लोहार | १७५ | १.८० |
| इादव | १९ | ०.१९ |
| तेली | २५८ | २.६६ |
| चमार हरिजन | ४१७ | ४.३० |
| तत्मा | ५११ | ५.२६ |
| धुनिया | ९५९ | ९.८८ |
| मुसहर | ६११ | ६.३० |
| धानुक | १८२ | १.८७ |
| कलवार | १७७ | १.८२ |
| अन्य | ६७३ | ६.९४ |
| जम्मा | ९६९७ | |

(स्रोत : सर्लाही जिल्लाको वस्तुसिथिति विवरण, २०७२)।

तालिका १ अनुसार यस लक्ष्मीपुरमा विभिन्न जातजातिहरुको बसोबास रहेको देखियो । यहाँ मुख्य गरि मुसलमान र थारु जातिको बाहुल्यता देखियो । यसका साथै धुनिया, मुसहर, चमार, तत्मा, तेली, कलवार, लोहार र हजाम जातिहरुको बसोबास भएको देखियो । यहाँ हाल मुसलमान जातिको बढी जनसंख्या देखिएता पनि यहाँको मुल बासी थारु रहेको यहाँका बुढापाकाहरुले बताए । यहाँ अन्य जातिहरु नजिकको जिल्लाहरुबाट आएको बताए ।

## ४.२ वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक र सामाजिक अवस्था

यस अन्तर्गत वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक विवरणवारे अध्ययन एवम् प्रस्तुतिकरण गरिएको छ । जसमा सहभागीहरुको पारिवारिक विवरण अन्तर्गत उमेर/लिङ्ग, पारिवारिक संरचना, जाति, पेशा, जमिन, आम्दानी, घरको किसिम आदिको वारेमा तालिका वनाई विश्लेषण गरिएको छ ।

### ४.२.१ उमेर र लिङ्गगत संरचना

उमेर र लिङ्गको संरचनाले कुनै पनि स्थान विशेषमा रहेको जनसंख्यालाई निर्धारण गर्ने गर्दछ । यसरी वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारको उमेर र लिङ्गका बारेमा जानकारी लिन वा कुन उमेर समुहका जनसंख्या कति मात्रामा अध्ययन क्षेत्रमा रहेका छन् भनी बुझ्न उमेर र लिङ्गगत विवरणलाई तालिका २ र ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**लक्ष्मीपुरबाट वैदेशिक रोजगारमा सम्लग्न परिवारको उमेर/ लिङ्गगत जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-१८ | ४२ | ४५.१६ | ३२ | ३९.५० | ७४ |
| १८-४० | २९ | ३१.१८ | ३१ | ३८.२७ | ६० |
| ४०-६० | १९ | २०.४३ | १४ | १७.२८ | ३३ |
| ६०+ | ३ | ३.२२ | ४ | ४.९३ | ७ |
| जम्मा | ९३ | | ८१ | | १७४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २ को आधारमा वैदेशिक रोजगारमा संलग्न २५ परिवारहरुको जम्मा जनसंख्या १७४ रहेको छ। जसमा विभिन्न उमेर समुहहरुको आधारमा महिलाको जनसंख्या ८१ जना र पुरुषको जनसंख्या ९३ जना रहेको छ। उमेर समुह १८-६० मा सबैभन्दा बढी जनसंख्या रहेको छ भने उमेर समुह ६० वर्ष भन्दा माथि सबैभन्दा कम जनसंख्या रहेको छ। यसरी १८ वर्ष भन्दा माथि र ६० वर्ष कम उमेर समुहलाई सक्रिय जनशक्तिको रुपमा लिने गरिन्छ । सोही अनुसार यस अध्ययनमा पनि यही उमेर समुहका जनसंख्या ५३ प्रतिशत पाइएको छ र वैदेशिक रोजगारमा यही उमेर समुहका व्यक्तिहरु समावेश भएको पाइयो जसले गर्दा परिवारमा महिला, केटाकेटी र बुढाबुढीहरु बढी रहेको पाइयो । यस अध्ययन क्षेत्रमा बढी मुसलमानहरुको बाहुल्यता पाइएता पनि सन्तान जन्माउनमा परिवार नियोजन सम्बन्धी चेतना रहेको र अल्लाहले दिएको हो भनि जनसंख्या वृद्दि हुने परिपाटीमा कमि आएको पाइयो।

वैदेशिक रोजगारमा संलग्न यस क्षेत्रका सबै परिवारहरु पितृसतात्मक पाइयो । घरको मुली पुरुष भई घरको सम्पति, घरको निर्णय तथा सामाजिक कार्यहरुमा पुरुषहरुकै बढी सक्रियता पाइयो भने पुरुषहरु वैदेशिक रोजगारमा गएपश्चात महिलाहरु घर भित्र र घरबाहिरको कामको जिम्मेवारी पनि महिलाले नै सम्हालेको पाइयो । विशेष गरि विदेश गएपछि परिवारबाट छुटिएर अलग्गै रहने भएकोले यहाँ एकात्मक परिवारहरु बढि पाइयो । वैदेशिक रोजगारीमा गए पश्चात संयुक्त परिवारहरु एकात्मक परिवारमा परिवर्तन भएको पाइयो।

**तालिका ४.३**

**लक्ष्मीपुरबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेर/ लिङ्गगत जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-१८ | - | - | - | - | - |
| १८-४० | १६ | ६४ | - | - | १६ |
| ४०-६० | ९ | ३६ | - | - | ९ |
| ६०+ | - | - | - | - | - |
| जम्मा | २५ | १०० | - | - | २५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ३ का अनुसार वैदेशिक रोजगारमा संलग्न उमेर तथा लिङ्ग आधारमा उमेर समुह १८.४० मा ६४ प्रतिशत व्यक्तिहरु संलग्न रहेको पाइयो भने उमेर समुह ४०-६० मा ३६ प्रतिशत व्यक्तिहरु संलग्न रहेका पाइयो । नेपालमा कामका लागि सक्रिय जनशक्तिको उमेर समुह अनुसार नै यहाँका व्यक्तिहरुको उमेर समुह पाइयो । अध्ययन गरिएको क्षेत्रमा लिङ्गको आधारमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु १०० प्रतिशत पुरुष पाइयो । महिलाहरु यस वैदेशिक रोजगारमा संलग्न रहेको पाइएन । यसको मुख्य कारण पितृसतात्मक सोच र महिलाहरु घरकै कामकाजमा संलग्न रहेको पाइयो ।

### ४.२.२ जातिगत विवरण

जातिगत आधारमा काम या पेशा गर्नुपर्ने सामाजिक मान्यता लोप हुन गई अहिले जुनसुकै जातहरुले आफ्नो दक्षता, क्षमता र योग्यताको आधारमा पेशा गर्दै आएको पाईन्छ । यस वैदेशिक रोजगारमा पनि विभिन्न जातहरु समावेश भई काम गर्दै आइरहेका छन् । यसै सन्दर्भमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगार संलग्न जातिहरुको विवरणलाई तालिका ४ मा देखाइएको छ ।

**तालिका ४.४**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको जातिगत विवरण**

| जातजाति | संख्या | - | प्रतिशत |
|---|---|---|---|
| मुसलमान | २५ | - | १००.०० |
| जम्मा | २५ | - | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ४ को अध्ययन गर्दा, यस क्षेत्रमा वैदेशिक रोजगारको लागि मुसलमान जाति सबैभन्दा बढी संलग्न रहेको पाइयो । विशेष गरि थारु लगाएत अन्य जातिहरुको बसोबास यस गा.वि.स.मा भए पनि यस टोलमा मुसलमानको बाहुल्यता रहेकोले यहाँबाट मुसलमान जाति नै बढी वैदेशिक रोजगारमा गएको पाइयो । यिनीहरुको परम्परागत पेशा अन्तर्गत सिरक, डस्ना बनाउने र सिलाई कटाई भएतापनि आज यी परिवारहरु वैदेशिक रोजगार र सिपमुलक कामहरु जस्तै : मोटर गैरेजमा संलग्न भई आफ्नो आर्थिक अवस्थामा सुधार आएको बताउछन् ।

### ४.२.३ शिक्षा

विकासको मुल आधार भनेकै शिक्षा हो । कुनै व्यक्ति, समाज र देशको विकासका लागि शिक्षा अपरिहार्य छ । शिक्षाले प्रत्यक्ष रुपमा कुनै व्यक्ति तथा घरको आर्थिक अवस्थालाई असर गरेको हुन्छ । यसले व्यक्ति तथा समाजको विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अध्ययन गरिएको क्षेत्रका  वैदेशिक रोजगारमा संलग्न परिवारहरु र फर्किएर आएका व्यक्तिहरुको शैक्षिक अवस्था तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ (क)**

**वैदेशिक रोजगारमा संलग्न परिवारहरुको शिक्षा सम्वन्धी विवरण**

| विवरण | संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| नपढेका | ४८ | ३३ | ८१ |
| ८ कक्षासम्म पढेका | ३२ | ५२ | ८४ |
| एस.एल.सी. सम्म | १ | ७ | ८ |
| १२ कक्षा सम्म | - | १ | १ |
| **जम्मा** | **८१** | **९३** | **१७४** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ५ क. का अनुसार यस वैदेशिक रोजगारमा संलग्न परिवारहरुको शैक्षिक स्थितिलाई हेर्दा न्यून रहेको छ । यहाँ कक्षा ८ सम्म पढेका जनसंख्या ८४ जना छन् भने नपढेका ८१ जना र एस.एल.सी. माथि ९ जना रहेका छन् । शैक्षिक स्तर न्यून रहनुमा उनीहरुको आर्थिक अवस्था कमजोर भएकोले बताएका छन् । हाल छोराहरु संगै छोरीहरु पनि विद्यालयमा पढ्न जाने गरेको पाईयो । यस पेशामा लागेपछि १२ घरका वच्चाहरु निजी विद्यालयमा पढ्न गएका, अन्य सरकारी  विद्यालय र मदरसामा पढ्ने गरको पाईयो । आर्थिक सथितिमा केही सुधार आएको र शिक्षाको महत्व बुझ्केकोले छोराछोरीलाई निजी स्कुलमा पढाएको बताए । तर यी निजी विद्यालयमा छोराहरुलाई मात्र पढाएको पाईयो जसले लैंगिक विभेद देखियो । बढी मात्रामा छोरीहरु मदरसा र सरकारी विद्यालयमा पढेको देखियो । यहाँ १ वटा बोर्डिङ स्कुल, १ वटा सरकारी स्कुल र २ वटा मदरसा (१ कक्षा सम्म, ५ कक्षा सम्म) रहेका छन् ।

### तालिका ४.५ (ख)

### वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शिक्षा सम्वन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एस.एल.सी.भन्दा मुनि | ३ | ९२ |
| एस.एल.सी.वा सो सरह | २ | ८ |
| आइ.ए. वा सो भन्दा माथि | - | - |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ५ ख का अनुसार यस अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये ९२ प्रतिशत एस.एल.सी. भन्दा कम पढेको देखियो भने ८ प्रतिशत व्यक्तिहरु एस.एल.सी. सरह पढेको पाइयो । यसरी कम पढेलेखेकाले गर्दा नोकरी गर्ने कुनै अवसर नभएको र मजदुरी गर्दै आएको हुँदा आर्थिक अवस्था सुधार गर्नका लागि विदेशमा गई रोजगारी गर्नुपरेको बताए ।

### ४.२.४ विवाह

विवाह एक सामाजिक संस्था हो जसले महिला तथा पुरुषलाई यौन तथा सन्तानका लागि सामाजिक मान्यता दिने गर्दछ । विवाह पश्चात परिवार बन्ने र जिम्मेवारी पनि बढ्ने हुन्छ । विवाहको सम्बन्ध प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आर्थिक कृयाकलापहरु संग हुन्छ । यसरी वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको विवाहको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.६

### वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको विवाह सम्वन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| अविवाहित | ४ | १६ |
| विवाहित | २१ | ८४ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ६ का अनुसार यस अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु मध्ये ८४ प्रतिशत विवाहित र १६ प्रतिशत अविवाहित रहेका छन् । विवाह पश्चात घर तथा परिवारको खर्च बढेकोले पहिलेको कमाईले घर चलाउन गाह्रो भएकाले वैदेशिक रोजगारमा जानुपरेको बताए ।

### ४.२.५ पारिवारिक संरचना

नेपालमा परिवारको बनौट हेर्दा सयुक्त तथा एकात्मक परिवारिक संरचना रहेको परिवारहरु पाईन्छ । एकात्मक परिवारमा श्रीमान, श्रीमती, तिनीहरुका अविवाहित छोराछोरीको संयुक्त बसोबासलाई बुझाउँछ भने सयुक्त परिवार एक दम्पत्ती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् । यसै गरी परिवारको पालनपोषण वा जीवन स्तरलाई माथि उठाउनका लागि परिवारका सदस्यहरु वैदेशिक रोजगारमा संलग्न हुने गरेको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रको परिवारको विवरणलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक संरचनाको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १६ | ६४ |
| संयुक्त | ९ | ३६ |
| जम्मा | २५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ४ अनुसार अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये एकात्मक परिवारको बाहुल्यता देखियो । अध्ययन गरिएका परिवारहरुमा एकपल्ट विदेश गएर आएपछि छोराबुहारी अलग बसेको पाइयो । यसका साथै एकात्मक परिवारमा आफ्ना साना साना छोराछोरी र श्रीमतीलाई छाडेर गरीबी वा  वेरोजगारीका कारणले विदेशमा गएको र धनका लागि आफन्तवाट टाढा रहेको अवस्था देखियो भने संयुक्त परिवारमा पनि वुढावुढी वावुआमालाई छोडेर पैसाकै लागि विदेश गएको अवस्था देखियो । स्वदेशमै राम्रो रोजगारी पाए विदेश नगईदिए हुन्थ्यो भन्ने वुढा वुवाआमा तथा श्रीमतीहरुको विचार रहेको पाइयो ।

यस्तैगरी आफ्नो घरको पुरुष सदस्य वैदशिक रोजगारमा संलग्न भई सके पछि परिवारको जिम्मेवारी (केटाकेटीको हेरविचार, शिक्षा दिक्षा, लालन पालन, स्वास्थ्य उपचार तथा बालिनालिको हेरविचार) महिलालाई पर्न गएको देखियो जुन परिवारमा मात्र सिमित नभएर सामाजिक रुपमा (भेला, समारोह, कृषि मजदुरी, विकासका कार्यक्रम, महिला समुह तथा समाजिक सुरक्षा) पनि महिला नै सहभागी भएको देखियो ।

### ४.२.६ जमिन

कुनै व्यक्ति वा परिवारका अचल सम्पतिको रुपमा जमिनलाई लिने गरिन्छ । अघिका दिनहरुमा जनसंख्या कम र जमिन धेरै थियो साथै जिविकोपार्जनको मुख्य आधार कृषि थियो । बढ्दो जनसंख्याले गर्दा आज खेतीयोग्य जमिन पनि घडेरीमा बदलिदैं गएको छ । अध्ययन गरिएका परिवारहरुको जमिनको अवस्था के कस्तो छ भनि तलका तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**वैदेशिक रोजगारमा सम्लग्न परिवारको जमिनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ५ धुर भन्दा कम | ४ | १६ |
| ५ धुर देखि १० धुर सम्म | ११ | ४४ |
| १० धुर देखि २ कट्ठा सम्म | ७ | २८ |
| १ विगहा भन्दा माथि | ३ | १२ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ८ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारहरुको जमिन कम रहेको पाइयो । कृषि गर्नका लागि आफूसंग जमिन नभएकोले धेरै परिवारहरु ज्याला, मजदुरी र अरुको जमिनमा खेती गरेको  पाईयो । यसरी मजदुरीबाट काम गरेको दिन खान पाइने र नगरेको दिन खानको लागि पनि धौ धौ पर्ने कारणले धेरै परिवारहरुले वैदेशिक रोजगारमा जानु परेको बताए ।

### ४.२.७ पेशा

जिविकोपाजर्नको लागि कुनै पनि व्यक्तिले गर्ने कार्य वा रोजगार नै पेशा हो । यो कुनैपनि समाज तथा समुदायको आर्थिक कृयाकलापहरुसंग सम्बन्धित हुन्छ । हाम्रो समाजको मुख्य पेशा कृषि तथा पशुपालन हुँदै आएको छ । बढ्दो जनसंख्या र सो अनुसारको उत्पादनको कमिले गर्दा आज अन्य पेशाहरुतिर आर्कषण हुने क्रममा वैदेशिक रोजगार एउटा बैकल्पिक बाटो बनेको छ । यस वैदेशिक रोजगारमा संलग्न परिवारहरुको सदस्यहरुले वैदेशिक रोजगारमा जानुपूर्व र गएपछि अपनाएका पेशाहरुको बारेमा तालिका ९ र १० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**वैदेशिक रोजगारमा जानु पूर्व परिवारको पेशागत पारिवारीक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३ | १२ |
| नोकरी | - | - |
| व्यापार | २ | ८ |
| मजदुरी | २० | ८० |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ९ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारहरुको वैदेशिक रोजगारमा जानुपूर्वको मुख्य पेशा मजदुरी देखियो । अध्ययन गरिएका परिवारहरुको जग्गाजमिन कम भएकोले यहाँका २० परिवारहरु ज्याला मजदुरी पेशा गरेको पाइयो । विशेष गरि मजदुरी पेशा बाहै्र महिना नभएर काम अनुसारको अवधि रहेको पाइयो । जस्तै धान, गहुँ रोप्ने र काट्ने समयमा कृषिमजदुरको रुपमा, जाडो समयमा सिरक डस्ना बनाउने र घर निर्माण, बाटो निर्माण तथा काठको फर्निचर बनेको समयमा ज्यामीको रुपमा खटी काम गरेको पाइयो । अध्ययन क्षेत्रका ३ परिवारहरुले कृषि पेशा अपनाएको पाइयो । जस अनुसार आफ्नो खेत साथै साहुहरुको खेत अधिया लिई कृषि गरेको पाइयो । यस्तै अध्ययन अनुसार २ परिवारहरुले व्यापार पेशा गरेको पाइयो । जसअनुसार गाउँमै सिलाइको सानो व्यवसाय

गरेको पाइयो । यी पेशाहरुबाट वर्षभरि खाननपुग्ने र परिवारको सानो सानो आवश्यकता पुरा गर्न पनि अप्ठरयारो भएकाले वैदेशिक रोजगारमा जानुपरेको बताए ।

**तालिका ४.१०**

**वैदेशिक रोजगारमा संलग्न परिवारको हालको अतिरिक्त पेशा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३ | १२ |
| मजदुरी | ८ | ३२ |
| व्यापार | ६ | २४ |
| घरायसी काम | ८ | ३२ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका १० का अनुसार घरको व्यक्ति वैदेशिक रोजगारमा गएपनि परिवारको अन्य सदस्यहरुले आफूले गरिरहेको पेशा गर्दै आएको पनि देखियो । वैदेशिक रोजगार संगै कृषि गर्ने परिवार संख्या ३ वटा पाईयो । यस्तै गाउँमै किराना पसल, चियापसल, सिलाइ जस्ता व्यापार गर्ने परिवार संख्या ६ वटा पाईयो । आफूले गरिरहेको पेशा सिरक, डस्ना बनाउने, धान तथा गहुँ रोप्ने, काट्ने समयमा ज्याला मजदुरी गरेको पाइयो । घरको मुली बाहिर गएको कारणले घर तथा बाहिरको सम्पूर्ण कामको जिम्मेवारी महिलालाई पर्न गएकोमा घरायसी कामकाजमा मात्र संलग्न ८ वटा परिवारहरु पाईयो । यसरी वैदेशिक रोजगारमा गएपश्चात मजदुरी पेशामा कमी आई व्यापार र घरायसी कामकाजमा संलग्न परिवारहरु बढी पाईयो ।

### ४.२.८ आम्दानी

साधारण अर्थमा आम्दानी भनेको काम गरेबापत कमाएको पैसा या जिन्सी हो । जुन विभिन्न पेशाहरु संग प्रत्यक्ष रुपमा सम्बन्धित हुन्छ । आम्दानीले कुनै पनि परिवारको जिविकोपार्जनमा प्रत्यक्ष असर पारेको हुन्छ । किनकी कुनै परिवारको आम्दानीले उनीहरूको जीवनयापन भएको हुन्छ, आफ्नो आम्दानीले परिवारको जीवन संचालन गर्न कठिन भएको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ । वैदेशिक रोजगारमा संलग्न हुनु

भन्दा अगाडि परिवारको आम्दानीको विवरण र वैदेशिक रोजगारमा गएपश्चातको आम्दानीको विवरण लाई तालिका ११ र १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा अगाडि परिवारको आम्दानीको विवरण**

| आम्दानी (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| १ लाख सम्म | २० | ८० |
| १ लाख भन्दा माथि | ५ | २० |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका ११ को अनुसार अध्ययन गरिएको परिवारहरुको आम्दानी ज्यादै कम भएको पाइयो । जसअनुसार वार्षिक १ लाख सम्म आम्दानी हुने परिवार संख्या २० वटा पाईयो र १ लाख भन्दा माथि आम्दानी हुने परिवार ५ वटा पाईयो । यसरी आम्दानी कम भएको कारण दैनिक खानका लागि पनि अप्ठयारो भएकोले वैदेशिक रोजगारमा संलग्न हुनुपरेको बताए ।

**तालिका ४.१२**

**वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीको विवरण**

| आम्दानी (वर्षमा) | संलग्न परिवार (जम्मा २५) प्रतिशत | बार्षिक आम्दानी रु. | वार्षिक आम्दानी % |
|---|---|---|---|
| वैदेशिक रोजगार | १०० | ७८,६०,००० | ८८.४९ |
| कृषि | १२ | २,३०,००० | २.५८ |
| लघु व्यापार | २४ | ५,०४,००० | ५.६७ |
| मजदुरी | ३२ | २,८८,००० | ३.२४ |
| जम्मा | - | ८८,८२,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका १२ का अनुसार वैदेशिक रोजगारमा गएपश्चात परिवारको आम्दानी बढेको पाईयो । जसअनुसार वैदेशिक रोजगार संगै परिवारका अन्य सदस्यहरुले गरेको पेशाहरुको

आम्दानी मध्ये सबैभन्दा बढी आम्दानी ८९.७३ प्रतिशत आम्दानी वैदेशिक रोजगारबाट भएको पाईयो भने ६.७१ प्रतिशत आम्दानी व्यापारबाट भएको पाईयो । यस्तै कृषिबाट २.६२ प्रतिशत आम्दानी भएको र मजदुरीबाट ३.२८ प्रतिशत आम्दानी भएको पाईयो । यसरी वैदेशिक रोजगारमा संलग्न भएपछि आर्थिक अवस्थामा सुधार आउन गई हिजो खान लाउन अप्ठ्यारो भएको अवस्थामा आज चाडपर्वहरु राम्ररी मनाउन सकिरहेको र समाजमा आफ्नो हैसियत केही बढेको बताए ।

### ४.२.९ आर्जित पैसाको उपयोग

वैदेशिक रोजगारबाट आर्जित पैसाले खाना, लताकपडा, बालबच्चाको पालनपोषण र शिक्षा, स्वास्थ्य उपचार,  चाडपर्वहरुमा खर्च गरेको देखियो भने आर्जित पैसाबाट विभिन्न क्षेत्रमा उपयोग गरेको पाईयो । जसलाई तालिका १३ मा देखाइएको छ ।

**तालिका ४.१३**

**वैदेशिक रोजगारवाट आर्जित पैसाको उपयोग**

| विवरण (२५ परिवारमध्ये) | संख्या | प्रतिशत |
|---|---|---|
| ऋण मात्र तिरे | ११ | ४४ |
| ऋण तिरे + अन्य | ७ | २८ |
| ऋण तिरे + घर बनाए | ३ | १२ |
| ऋण तिरे + जग्गा किने | २ | ८ |
| ऋण तिर्न बाँकी | २ | ८ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका १३ लाई अध्ययन गर्दा वैदेशिक रोजगारबाट आजिर्त पैसाबाट ४४ प्रतिशत परिवारहरुले साहुबाट लिएको ऋण मात्र तिरेको देखियो भने २८ प्रतिशत परिवारले ऋण तिरी अन्य कामहरु (छोराछोरीको बिहे, विदेशी सामान) गरेको पाईयो । यस्तै १२ प्रतिशत परिवारले ऋण तिरी घर बनाएको देखियो भने ८ प्रतिशतले ऋण तिरी जग्गा जमिन किनेको पाइयो । यसरी वैदेशिक रोजगारमा गएपश्चात साहुको ऋण मात्र तिर्ने नभई

जग्गाजमिन किन्ने, घर बनाउने, विदेशी सामानहरु (घडी, मोबाइल, ल्यापटप, टेलिभिजन) किनेको, छोराछोरीको विहे गरेको, किराना पसल, चिया पसल, सिलाई आदि गरेको पाईयो ।

## ४.३ वैदेशिक रोजगारमा जानुपर्ने कारण सम्बन्धमा

नेपालमा गरिबी, अशिक्षा र बेरोजगारीको कारणले वैदेशिक रोजगारमा जाने क्रम बढदो छ । विशेष गरि युवाहरु वैदेशिक रोजगारको लागि जाने गरेको छ । यी युवाहरु के कारणले गर्दा विदेशिनु परेको छ भन्ने सन्दर्भमा तालिका नं. १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४**

**वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारण सम्बन्धमा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिबीको कारण | १२ | ४८ |
| बेरोजगारी | ४ | १६ |
| साहुको ऋण | ३ | १२ |
| राजनैतिक अस्थिरता | २ | ८ |
| पारिवारिक दवाव | १ | ४ |
| गाउँ-घरका सबै गएको देखेर | ३ | १२ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका नं १४, अनुसार वैदेशिक रोजगारमा जानुका कारणहरु मध्ये मुख्य कारण गरिबी रहेको छ । अध्ययन गरिएको परिवारहरु सबैभन्दा बढी मजदुरी पेशामा रहेका र यसबाट खानलाउन समेत अप्ठ्यारो परेको बताउँदै यस वैदेशिक रोजगार पेशालाई चुनेको अध्ययनबाट पाईयो । गरिबीको कारण वैदेशिक रोजगारमा गएकाहरुका संख्या ४८ प्रतिशत पाईयो । बेरोजगारीले १६ प्रतिशत र साहुको ऋण तिर्न १२ प्रतिशत कारणहरुले विदेशिएको पाईयो । देशको राजनैतिक अस्थितरताका कारण भएको बन्द हडताल आदिले पनि आर्थिक कृयाकलापमा अप्ठ्यारो भई ८ प्रतिशत विदेशिएको पाईयो । पारिवारिक दवावका कारण ४ प्रतिशत र गाउँघरका साथीभाई विदेश गई कमाई राम्रो पाएको कारण १२ प्रतिशत विदेशमा रोजगारी गर्न गएको पाईयो । यसरी परिवारको आर्थिक स्थितिमा सुधार गर्न यी परिवारका सदस्यहरु विदेश जानु परेको पाईयो ।

## ४.४ वैदेशिक रोजगार जाने प्रकृया सम्बन्धमा

वैदेशिक रोजगारका लागि विभिन्न किसिमका संजालबाट प्रकृयाहरु पुरा गर्दै स्थानिय तहबाट केन्द्रिय तह हुदै वैदेशिक रोजगारमा पुग्ने गरेको पाईन्छ । अध्ययन क्षेत्रका सहभागीहरू स्थानीय चिनजानको व्यक्ति, आफन्त, स्थानीय स्तरको एजेन्ट मार्फत् केन्द्रिय मेनपावरमा सम्पर्क राखी रोजगारमा संलग्न भएको पाईयो । केन्द्रिय मेनपावरमा सम्पर्क राखी आफ्नो राहदानी बुझाएर फर्कने गरेको पाईयो । यसरी आफ्नो राहदानी सहित अन्य आवश्यक कागजपत्र मेनपावरमा बुझाई भिषा आउने आशामा बसी भिषा आएपछि रोजगारमा जानको लागि काठमाडौं आउने गरेको पाईयो । तर केही सहभागीहरू प्रत्यक्ष रूपमा राष्ट्रिय पत्र-पत्रिकामा दिइएको सूचनाको आधारमा सम्बन्धित मेनपावरको केन्द्रिय कार्यालयमा सम्पर्क राखी वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

माथि उल्लेख गरिएको दुईवटा प्रकृतिका सहभागि मध्ये पहिलो प्रकृतिका सहभागीहरू लामो सञ्जालबाट रोजगारमा संलग्न भएको र खर्च पनि बढी लागेको बताए भने दोस्रो प्रकृतिका सहभागीहरूले आफैंले बुझेर रोजगारमा संलग्न भएकोले खर्च पनि कम लागेको भने पनि तलव सुविधा र काम पाएको कुरा बताए ।

### ४.४.१ वैदेशिक रोजगार सम्बन्धी सुचनाका स्रोतहरु

वैदेशिक रोजगार सम्बन्धी विभिन्न माध्यमहरुबाट सुचना थाहा पाई र प्रेरित भई विदेश गएको पाईयो । यी विभिन्न सुचनाका माध्यमहरुको बारेमा तालिका १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**वैदेशिक रोजगार सम्बन्धी सुचनाका स्रोतहरु**

| सुचनाका स्रोतहरु | संख्या | प्रतिशत |
|---|---|---|
| साथीभाई तथा नातेदार | १८ | ७२ |
| स्थानीय एजेन्ट | ४ | १६ |
| पत्रपत्रिका | २ | ८ |
| रेडियो, टि.भी. | १ | ४ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तलिका १५ अनुसार वैदेशिक रोजगारका बारेमा सबैभन्दा बढी साथीभाई तथा नातेदारबाट थाहापाएको ७२ प्रतिशत पाईयो । यस्तै स्थानिय एजेन्टहरुबाट १६ प्रतिशत र पत्रपत्रिका बाट ८ प्रतिशत र रेडियो टि.भी. बाट ४ प्रतिशतले सुचना प्राप्त गरेको पाईयो । यसरी गाउँमा आफ्नै दाजुभाई तथा साथीहरु विदेश गएको र त्याहाँको अनुभवबाट प्रेरित भई विदेश जानेको संख्या बढी पाईयो ।

### ४.४.२ वैदेशिक रोजगारको लागि आवश्यक रकम र यसको व्यवस्था

वैदेशिक रोजगारमा जानका लागि चाहिने रकमको व्यवस्था आफै तथा अन्य माध्यमहरु जस्तै साहुँबाट ऋण लिएर , जमिन बेचेर, गरगहना बेचेर , घर धरौटी राखेर पैसाको व्यवस्था गरेको पाईन्छ । यसै सन्दर्भमा यस अध्ययन क्षेत्रबाट गएका व्यक्तिहरुले कहाँबाट पैसाको व्यवस्था गरेका थिए र जानका लागि कुन देशमा कति लाग्यो भन्ने कुरा तल तालिका १६ र तालिका १७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**वैदेशिक रोजगारका लागि आवश्यक रकमको व्यवस्था**

| स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिएर | २५ | १०० |
| जमिन बेचेर | - | - |
| गहना बेचेर | - | - |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तलिका १६ का अनुसार यस अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा जाँदा चाहिने पैसाको व्यवस्था गाउँमै रहेका साहुँबाट ऋण लिई गरेको देखियो । यसरी जानेको संख्या १०० प्रतिशत रहको छ । आफ्नो जग्गा जमिन एक दमै कम भएको बेच्न सक्ने अवस्था नरहेको र भएको जमिनलाई साहुँकहाँ धरौटी राखी ऋण लिई विदेश गएको बताए ।

**तालिका ४.१७**

**वैदेशिक रोजगारमा जानका लागि देशअनुसारको लागत**

| गएको देश | संख्या | लागत (रु.) |
|---|---|---|
| मलेशिया | १३ | १,००,००० - १,२५,००० |
| दुबई | ४ | १,२५,००० - १,५०,००० |
| कतार | ६ | १,२५,००० - १,५०,००० |
| साउदी अरब | २ | १,००,००० - १,२५,००० |
| ज्म्मा | २५ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका १७ का अनुसार यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारका लागि मलेशिया, कतार, दुबई, साउदी अरब गएको पाईयो । जसअनुसार सबैभन्दा बढी मलेशियामा गएको पाईयो र मलेशिया जानका लागि लागत रु. १ लाख देखि १ लाख २५ हजार सम्म लागेको पाईयो । यस्तै दुवई र कतार जानको लागि रु १ लाख २५ हजार देखि १ लाख ५० हजार सम्म लागेको पाईयो । साउदी अरब जानको लागि रु. १ लाख देखि १ लाख २५ हजार खर्च हुने पाईयो ।

## ४.५ वैदेशिक रोजगारले घरायसी अर्थतन्त्रमा पारेको प्रभाव

### ४.५.१ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको कामको प्रकार

नेपाल सरकारबाट श्रम स्वीकृती लिई विश्वका विभिन्न मुलुकहरुमा विभिन्न किसिमका पदहरुमा बहाल रही नेपालका युवाहरु वैदेशिक रोजगारमा रहेका छन् । यसै सन्दर्भमा यस अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरु कुनकुन काममा कार्य गर्दै आएका छन् भन्ने कुरा तलका तालिका १८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको कामको प्रकार**

| कामको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मार्केटिङ | १ | ४ |
| ड्राइभर | २ | ८ |
| निर्माण सम्बन्धी कामदार | १२ | ४८ |
| फैक्ट्री कामदार | १० | ४० |
| **ज्म्मा** | **२५** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका १८ अनुसार वैदेशिक रोजगारमा जाने व्यक्तिहरु प्राय निर्माण सम्बन्धी कामदार, फैक्ट्री सम्बन्धी कामदार, मार्केटिङ र ड्राइभर सम्बन्धी काम गर्दै आएको पाईयो । जसमध्ये सबैभन्दा बढी अदक्ष जनशक्तिका रुपमा ४८ प्रतिशत कलकारखाना, घर बनाउने लेवरको रुपमा काम गरेको पाईयो भने ४० प्रतिशत विभिन्न फैक्ट्रीहरु मा लेवरको रुपमा काम गरेको पाईयो । यसका साथै ४ प्रतिशत मारकेटिङ र ८ प्रतिशत ड्राइभरको काम गरेको पाईयो । विदेशमा पनि शिक्षा र अनुभवको आधारमा कामको प्रकृति र थप सुविधाहरु पाईने बताए ।

### ४.५.२ सीप

सामान्य अर्थमा सीप भन्नाले कुनै पनि व्यक्तिले गर्ने कामको कला अर्थात् उसले कुन-कुन काम जानेको छ भन्ने कुरालाई बुझाउँछ । वैदेशिक रोजगारको सम्बन्धमा सीप ज्यादै नजिक रहेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरू वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि कुनै सीप सिकेको अवस्थामा सीप अनुसारको काम पाएका हुन्छन्, जसको कारण आम्दानी पनि बढी हुने गर्दछ भने कतिपयले विदेशमा नै काम गर्ने शिलशिलामा विभिन्न किसिमको सीप सिकेको पाईन्छ । यसै सन्दर्भमा सहभागीहरूले विदेशमा जानुअगाडि र गएपछि कुनै सीप सिके वा सिकेनन् भनी यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**वैदेशिक रोजगारमा सिकेको सीप सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जानुपूर्व सिप सिकेका | २ | ८ |
| जानुपूर्व सिप नसिकेका | २३ | ९२ |
| गएपश्चात सिप सिकेका | ११ | ४४ |
| गएपश्चात सिप नसिकेका | १४ | ५६ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका नं. १९ अनुसार, वैदेशिक रोजगारमा जानुपूर्व र गएपश्चात सीप सिकेको अवस्थालाई हेर्दा जानुपूर्व कम व्यक्तिहरुले सीप सिकेको पाईयो भने गएपश्चात सीप

सिक्नेको संख्या बढी छ । जसअनुसार वैदेशिक रोजगारमा जानुपूर्व ८ प्रतिशतले सिप सिकेको पाईयो भने गएपश्चात ४४ प्रतिशतले सीप सिकेको पाईयो । यसरी हाम्रो देशबाट अदक्ष कामदारको जोखिमपूर्ण काममा विदेशमा गएको पाईयो ।

### ४.५.३ वैदेशिक रोजगारमा जाँदा ठगिनु

वैदेशिक रोजगारमा जाँदा तोकिएको तलब बराबर नपाउनु, तोकिएको समयभन्दा बढी खटाउनु, तोकिएको सुविधाहरु नदिनु, पैसा लिई एजेन्ट गायब हुनु जस्ता समस्याहरु भोगिरहेका छन् । यसै सन्दर्भमा वैदेशिक रोजगारमा जाने क्रममा स्थानिय एजेन्ट देखि म्यानपावर कम्पनी हुँदै विदेशका कम्पनीहरुमा काम गर्दा ठगिएका कुराहरुलाई तालिका नं. २० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**वैदेशिक रोजगारमा जाँदा ठगिएका परिवारहरुको विवरण**

| विवरण (जम्मा परिवार संख्या २५) | संख्या | प्रतिशत |
|---|---|---|
| समयमा तलब नदिनु | ३ | १२ |
| तोकेको भन्दा कम तलब दिनु | ४ | १६ |
| ढिलो पठाउनु | ७ | २८ |
| तोकेको काम र कम्पनी नहुनु | ३ | १२ |
| ओभरटाइम नदिनु | २ | ८ |
| नठगिएको | ६ | २४ |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका नं. २० का अनुसार अध्ययन क्षेत्रबाट विदेश जाने क्रममा २५ वटा परिवारहरुबाट विदेश गएका व्यक्तिहरुमध्ये १९ जना व्यक्तिहरु ठगिएको पाईयो । समयमा तलब नपाएका १२ प्रतिशत, तोकेको भन्दा कम तलब पाएको १६ प्रतिशत, एजेन्ट म्यानपावरले तोकिएको समयभन्दा ढिलो पठाएकोमा २८ प्रतिशत, तोकेको काम र कम्पनी नहुनुमा १२ प्रतिशत र ओभरटाइम नदिनुमा ८ प्रतिशत रहेको छ । यसरी विभिन्न प्रकृयाहरुबाट विदेश जानेक्रममा र विदेश गएपछि ठगिएको पाईयो ।

### ४.५.४ वैदेशिक रोजगारबाट घरमा पठाएको पैसाको विवरण

वैदेशिक रोजगारमा विवाहित रहेको अवस्थामा कमाएको पैसा सबैभन्दा बढी श्रीमतीको नाममा र यसपछि बुवा, आमा र भाईको नाममा आउने गरेको बताए । यस्तै गरि अविवाहित रहेकोमा बुवा, आमा र भाईको नाममा पैसा आउने गरेको बताए । पैसा मासिक, त्रैमासिक रुपमा पठाउने गरेको बताए । विभिन्न कामका लागि गएका व्यक्तिहरुले आफ्नो कमाई अनुसार घरमा पठाउने पैसाको विवरण तालिका नं. २१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२१**

**वैदेशिक रोजगारबाट घरमा पठाएको पैसाको विवरण**

| तलब | | घरमा पठाएको | | |
|---|---|---|---|---|
| रु. (मासिक) | संख्या | रु. (मासिक) | संख्या | प्रतिशत |
| २५,०००-४०,००० | १४ | २०,०००-३५,००० | १५ | ६० |
| ४०,०००-५५,००० | ६ | ३५,०००-५०,००० | ६ | २४ |
| ५५,०००-७०,००० | ५ | ५०,०००-६५,००० | ४ | १६ |
| जम्मा | २५ | जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका नं. २१, का अनुसार वैदेशिक रोजगारबाट कमाएको पैसा घरमा मासिक रु २५,००० देखि ६५,००० सम्म पठाएको पाईयो । जसअनुसार २० देखि ३५ हजार सम्म पठाउनेको सख्या ६० प्रतिशत पाईयो । यस्तै ३५ देखि ५० हजारसम्म पठाउनेको संख्या २४ प्रतिशत र ५० हजार देखि ६५ हजार सम्म पठाउनेको संख्या १६ प्रतिशत पाईयो । यसरी कामको प्रकृति र फरक देश अनुसार कमाई फरक फरक भएको पाईयो ।

### ४.५.५ रेमिटान्सको उपयोग गरिएको क्षेत्रहरु

अध्ययन गरिएका परिवारहरुको आवश्यकता र उनीहरुको आम्दानी अनुसार रेमिटान्सको उपयोग गरिएको पाईयो । आम्दानी अनुसारको विविध क्षेत्रहरुमा गरेको खर्च या उपयोग गरेको विवरण तालिका नं. २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**रेमिटान्सको प्रयोग गरिएका क्षेत्रहरु**

| उपयोग गरिएको क्षेत्रहरु | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जमिन किनेको | २ | ८ |
| घर बनाएको | ३ | १२ |
| िशक्षा | २४ | ९६ |
| स्वास्थ्य उपचार | २५ | १०० |
| खाना र लताकपडा | २५ | १०० |
| ऋण तिरेको | २३ | ९२ |
| विदेशी सामान किनेको | २२ | ८८ |
| व्यापार | ६ | २४ |
| वचत गरेको | ३ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २२ का अनुसार वैदेशिक रोजगारबाट परिवारमा पठाएको रेमिटान्सबाट प्राय सबै परिवारहरुले आधारभुत आवश्यकता खाना, लताकपडा, शिक्षा, औषधि उपचार मा खर्चगरेको पाइयो भने यसको अतिरिक्त साहुको ऋण तिरेको र यसबाट बचेको पैसाले जमिन किनेको तथा घर बनाएको र कोहीले पैसा वचत गरेको पाईयो । यस्तै विदेशबाट घरका लागि विदेशी सामानहरु घडी, मोबाइल, टि.भी., कम्प्युटर पठाएको पाईयो । यसरी वैदेशिक रोजगारमा गए पश्चात आर्थिक अवस्थामा सुधार आएको धेरै परिवारहरुले बताए भने अध्ययन गरिएको क्षेत्रमा २ परिवारले ऋण समेत तिर्न नसकेको खाली परिवारको खाना, लताकपडा, औषधीउपचार र शिक्षामा पैसा पुगेको बताए । यसको कारण तोकिएको तलब अनुसार तलब नपाएको बताए ।

### ४.५.६ वैदेशिक रोजगार सम्बन्धी विचार

वैदेशिक रोजगारमा संलग्न परिवारहरुको यस वैदेशिक रोजगार सम्बन्धी उनीहरुको भोगाई, अनुभव र यसबाट पाएका फाइदाहरुको आधारमा उनीहरुको विचार पनि फरक फरक रहेको छ । तुलानात्मक रुपमा वैदेशिक रोजगार राम्रो भन्ने धेरै भएपनि केही परिवारहरुको विचार यस सम्बन्धी नकारात्मक पनि थियो । यी विचारहरुलाई फाइदा र

वेफाइदाहरुको आधारमा सकारात्मक र नकारात्मक विचार गरि तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२३**

**फाइदाहरुको आधारमा वैदेशिक रोजगार राम्रो**

| विवरण | परिवार संख्या |
|---|---|
| घरखर्च राम्ररी चल्नु | २३ |
| बेरोजगारी घटाउन | ४ |
| हैसियत बढ्नु | ६ |
| घर तथा जग्गा किन्नु | ५ |
| सौहाद्रपूर्ण समाज | ६ |
| नयाँ सिप सिक्नु | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तलिका २३ का अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारहरुको वैदेशिक रोजगार प्रतिको विचार अनुसार यसबाट घरखर्च राम्ररी चलेको परिवार संख्या २३ पाईयो । यी परिवारहरुले खर्च राम्रो चल्नुको साथै थपमा समाजमा बेरोजगारी कम भएको र गाउँमा भैभगडा कम हुने गरेको साथै बचत गरि जमिन किनेको अनि घर बनाएको जस्ता उपलब्धीहरु भएको बताए र यसैको आधारमा वैदेशिक रोजगार प्रति सकारात्मक विचार रहेको बताए । यसका साथै विदेश गई नयाँ सिप सिकेको बताए ।

**तालिका ४.२४**

**बेफाइदाहरुको आधारमा वैदेशिक रोजगार नराम्रो**

| विवरण | परिवार संख्या |
|---|---|
| ठगिनु | १७ |
| असुरक्षित परिवार | ८ |
| ऋणको चर्को व्याज | ६ |
| विदेशमा रहदा असुरक्षा | ३ |
| अस्थायी जागिर | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २४ को अनुसार वैदेशिक रोजगारमा जाँदा धेरैजसो परिवारहरु ठगिनु परेको र यिनै परिवारहरुले थप वेफाइदाहरु जस्तै परिवारबाट टाढा हुनु परेको, चर्को व्याज तिर्नु परेको तथा अर्काको देशमा रहि काम गर्दा उनीहरुको देशको निती नियमअनुसार भोलिको सुनिश्चता नभएको र जोखिमपूर्ण काममा सहभागी हुनु जस्ता बेफाइदाहरु भन्दै वैदेशिक रोजगारमा जानुभन्दा अवसर पाए आफ्नै देशमा काम गर्नु राम्रो भन्ने बताए ।

## ४.६ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण

तथ्यांक संकलन विधीमा उल्लेख भए अनुसार नमुना छनौट गरि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु मध्ये ५ जनाको हालको र पहिलाको अवस्थाका सम्बन्धमा सुचना संकलन गरिएको थियो । यसरी यिनीहरुको बारेमा प्राप्त सुचनाहरु तल उल्लेख गरिएको छ ।

### ४.६.१ हालको पेशा

वैदेशिक रोजगारमा गएर आएपछि व्यापार, नोकरी तथा कोही यस्तै बेरोजगार भएर बसेको पाईन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा गएर आएपछि उनीहरु के गरेर बसिरहेका छन् भन्ने सम्बन्धमा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका हालको पेशा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | १ | २० |
| नोकरी | १ | २० |
| बेरोजगार | ३ | ६० |
| ज्म्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु हाल ४० प्रतिशत व्यापार, नोकरीमा समावेश भएको पाईयो भने ६० प्रतिशत बेरोजगार पाईयो । बेरोजगार हुने हरुले पुन फेरी जाने सोचलिई हाल केही नगरि बसेको बताए । गाउँमा फर्निचरको व्यापार, घरकै कृषिमा काम गर्दै आएको, ग्लोबल दाना फैक्ट्री नारायणघाटमा नोकरी गरेको पाईयो । यसरी विदेशबाट फर्किएर आएपछि काममा लागेका र फेरि जानका लागि केहि समय वेरोजगार रहेको पाईयो ।

### ४.६.२ पून : जाने सोच

वैदेशिक रोजगारबाट फर्किएर आएका व्यतिहरुले देशमा राम्रो रोजगारीको अवसर पाए पून : नजाने बताए भने केहीले आर्थिक वृद्धिको लागि पून : जाने विचारहरु व्यक्त गरे । यसै सन्दर्भमा वैदेशिक रोजगारमा पून : जाने या नजानेहरुको विचार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**वैदेशिक रोजगारमा पून : जाने सोच**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुन : जान चाहन्छु | २ | ४० |
| पुन : जान चाहन्नँ | १ | २० |
| स्वदेशमा रोजगार पाए जान्नँ | २ | ४० |
| जम्मा : | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २६ का अनुसार वैदेशिक रोजगारमा पून : जाने सोचमा ४० प्रतिशत पाईयो भने पून : जान नचाहने २० प्रतिशत र स्वदेशमा रोजगार पाए पून : नजाने भन्ने ४० प्रतिशत पाईयो । यसरी वैदेशिक रोजगारबाट आम्दानी वृद्धि हुने सोचमा रहेकाहरु पून : जान चाहेका र विदेश रहदा परिवारबाट टाढा रहदा आफू र परिवारले भोगेका समस्याहरु साथै तोकिए बमोजिम तलब सुविधा नपाएको, जोखिमपूर्ण काममा लगाउनु र देशमै राम्रो रोजगारीको अवसर पाए पून : नजाने विचार भएकाहरु पाईए ।

### ४.६.३ सीप

वैदेशिक रोजगार र सीपको सम्बन्ध ज्यादै नजिक रहेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न हुन भन्दा अगाडी नै सीप सिकेका हुन्छन् भने कतिले विदेशमा नै काम गर्ने शिलशिलामा विभिन्न किसिमका सिप सिकेको पाईन्छ । यसै सन्दर्भमा सहभागीहरुले विदेशमा कुनै पनि सीप सिके वा सिकेनन् भन्ने बारे कुरा तालिका २७ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४.२७

### विदेशमा सिकेको सीप सम्वन्धमा

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सीप सिके | २ | ४० |
| सीप सिकिन | ३ | ६० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २७ अनुसार वैदेशिक रोजगारवाट फर्किएका जम्मा ५ जना मध्ये ४० प्रतिशत (२ जना) सीप सिकेको र ६० प्रतिशत (१ जना) ले सीप नसिकेको पाइयो । यसवाट वहुसंख्यक सहभागीहरु सामान्य कामदारको रुपमा विदेश जाने गरेकोले गर्दा सीपमुलक काममा संलग्न हुन नपाएको कुरा वताए भने केही सहभागीले सीप (ड्राइभिङ, मेसिनरी काम) आर्जन गरी अवका दिनमा त्यो सिपलाई नेपालमा प्रयोगमा ल्याउने वताए । यसैगरी केही सहभागीले पुन : वैदेशिक रोजगारमा संलग्न हुदा उक्त सीपको कारणले बढि लाभ हुने कुरा वताए ।

## ४.७ वैदेशिक रोजगार र यसको आर्थिक तथा सामाजिक प्रभाव

वैदेशिक रोजगारमा गए पश्चात परिवारहरुको आम्दानी बढेकोले आर्थिक स्थितिमा सुधार आएको साथै सामाजिक स्तरमा पनि सुधार आएको पाईयो । यसै सन्दर्भमा आर्थिक र सामाजिक प्रभावका बारेमा उत्तरदाताहरुबाट आएको विचारहरुलाई तलका तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.२८

### वैदेशिक रोजगारले सहभागीहरुको आर्थिक स्थितिमा पारेको असर

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक स्थितिमा सुधार आएको छ | ४ | ८० |
| आर्थिक स्थिति उस्तै छ | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २८ को अध्ययन गर्दा आर्थिक स्थितिमा सुधार आएको सहभागीको संख्या नै बढी देखियो भने केही (१ जना) ले आफ्नो कमाई त्यति राम्रो नभएकोले आफ्नो परिवारको जिवीका मात्र चलाउन सफल भएको कुरा बताए । जसले गर्दा उनीहरुको आर्थिक स्थितिमा खासै सुधार नदेखिएको पाइयो भने बहुसंख्यक सहभागीहरुले आफ्नो आर्जित कमाइलाई व्यापार, घरजग्गा, शिक्षा र मनोरञ्जनका साधन आदि क्षेत्रमा लगानी गरेकाले आर्थिक रुपले आफ्नो परिवार बलियो भएको बताए ।

**तालिका ४.२९**

**वैदेशिक रोजगार र यसको सामाजिक प्रभाव सम्वन्धमा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रै सुधार भएको छ | ३ | ६० |
| केही सुधार भएको छ | २ | ४० |
| उस्तै छ | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

तालिका २९ अनुसार सहभागीहरु मध्ये धेरैको सामाजिक अवस्थामा सुधार आएको देखियो । यस अन्तर्गत सहभागीहरुले आर्थिक रुपले बलियो भएपछि सामाजिक रुपमा पनि बलियो हुने वा सामाजिक अवस्थालाई अर्थतन्त्रसँग जोडेको देखियो । अर्थात वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि व्यक्ति वा उनीहरुको पारिवार, सामाजिक रुपमा वर्गीय हिसावले निम्न वर्गमा पर्दथ्यो । यसैगरी सामान्य काम गर्नका लागि पनि साहु वा जमिनदारसँग हात थाप्नु पर्ने स्थिति थियो र हाल चाडपर्वहरु राम्ररी मनाएको र अरुहरुलाई पनि परेको बेला आर्थिक सहयोग गर्न सकेकोमा वैदेशिक रोजगारमा संलग्न भइसकेपछि त्यहाँबाट आर्जित पैसाले उनीहरुको जीवनपद्धतीमा सुधार आएको कुरा बताए ।

# अध्याय-पाँच

# अध्ययनको सारांश र निष्कर्ष

वैदेशिक रोजगार र यसको सामाजिक, आर्थिक प्रभावका बारेमा अध्ययन हरिपुर नगरपालिका वडा नं. ५ लक्ष्मीपुरमा गरिएको हो । अन्तवार्ता र घरधुरी सर्वेक्षण विधिको प्रयोग गरि वैदेशिक रोजगारमा संलग्न २५ घरधुरीहरु र विदेशबाट फर्किएको ५ जना व्यक्तिहरुको आर्थिक तथा सामाजिक अवस्थाहरु र यसका प्रभावहरुको बारेमा सुचनाहरु संकलन वा तथ्यांकहरु संकलन गरि अगाडिको अध्यायमा प्रस्तुत गरिसके पश्चात यस अध्यायमा सम्पूर्ण अध्ययनको सारांशको रुपमा निष्कर्ष निकाल्न खोजिएको छ ।

## ५.१ अध्ययनको सारांश

कामदारले विदेशमा पाउने रोजगार नै वैदेशिक रोजगार हो । विश्वको कुनै पनि क्षेत्र वा मुलुकहरूमा रहेको वेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारको लागी जाने क्रमलाई वैदेशिक रोजगारी भनिन्छ । एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । नेपाली नागरिक लाई विदेशमा रोजगारी उपलब्ध गराउन संचालन गरेको व्यवयाय वैदेशिक रोजगार व्यवसाय हो । (वैदेशिक रोजगार ऐन, २०६४)

सन् १८१५ मा तत्कालिन ब्रिटिश साम्राज्यले भारतमा गोर्खा सैनिकको वटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगारको शुरुवात भएको पाईन्छ । सन् १८१५ भन्दा अगाडी पनि नेपालीकामदारहरु आसाम, मेघालय, मणिपुर, दार्जिलिङ्ग, भुटान, बर्मा आदि स्थानहरुमा रोजगारी र आप्रवासनका लागि आवत जावत गरेको पाईन्छ । यी स्थानहरुमा नेपाली कामदारहरु जंगल फडानी, कोइलाखानी, कृषि, चियाबगान, रबर खेती आदि क्षेत्रमा रोजगारीमा जाने प्रचलन बढ्दो मात्रामा थियो । भारत बाहेक तेस्रो मुलुकमा गैरसैनिक क्षेत्र रोजगारीका लागि जानेप्रकृया भने सन् १९५० देखि शुरु भएको हो (दाहाल, २०५५) । यस अध्ययनमा भारतबाहेक अन्य मुलुकहरुमा वैदेशिक रोजगारीमा संलग्न भएका नेपाली कामदारहरुको विषयमा मात्र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई समस्याको रुपमा लिई वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक अवस्था पत्ता लगाउने, वैदेशिक रोजगारमा जानुका कारणहरु

पत्ता लगाउने र वैदेशिक रोजगारी बाट आएका परिवर्तनहरु र प्रभावहरुको विश्लेषण गर्नु जस्ता उद्देश्यहरु लिई यो अध्ययन गरिएको हो ।

राष्ट्रिय जनगणना २०६८ अनुसार लक्ष्मीपुर गा.वि.स. को कुल घरधुरी १४६० रहेको छ । यहाँको कुल कुल जनसंख्या ९,६९७ रहेको छ । जसमध्ये पुरुष ४,८०२ र महिला ४,८९५ रहेका छन् । जसअनुसार लक्ष्मीपुरको मुर्सलिम टोलमा ३१० घरधुरी र चौधरी टोलमा १४० घरधुरी रहेका छन । लक्ष्मीपुरको मुस्लिम टोलबाट मात्र वैदेशिक रोजगारमा २७९ घरधुरी (९० प्रतिशत) संलग्न छन् । (सर्लाही जिल्लाको वस्तुस्थिति विवरण, २०७२) ।

अध्ययन क्षेत्र लक्ष्मीपुरबाट वैदेशिक रोजगारमाा संलग्न २५ परिवारहरुको जनसंख्या १७४ जना रहेको छ । जसमा महिला ८१ जना र पुरुष ९३ जना रहेको छ । १८ वर्ष देखि ६० वर्ष मुनिका व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न छन् जसमध्ये उमेर समुह १८ देखि ४० बाट ६४ प्रतिशत युवाहरु  वैदेशिक रोजगारमा जाने गरेको पाईयो । वैदेशिक रोजगारमा संलग्न २५ घरधुरीहरु पुरै मुस्लिम समुदायका छन् । यस वैदेशिक रोजगारमा जाने व्यक्तिहरु एस.एल.सी. भन्दा मुनिका बढी पाईयो जुन ९२ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा बढी विवाहित पाईयो जुन ८४ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा संलग्न परिवारहरुको संरचना बढी एकात्मक पाईयो जुन ६४ प्रतिशत रहेको छ ।

वैदेशिक रोजगारमा संलग्न परिवारहरुको जमिन धेरै कम पाइयो । जसअनुसार ५ धुर भन्दा कम जमिन हुने १६ प्रतिशत र ५ धुर देखि २ कठ्ठा सम्मका जमिन हुने ७२ प्रतिशत पाईयो । वैदेशिक रोजगारमा जानुपूर्वको प्रमुख पेशा मजदुरी पाईयो जुन ८० प्रतिशत रहेको थियो । वैदेशिक रोजगारमा संलग्न परिवारहरुको हालको अतिरिक्त पेशा कृषि, मजदुरी, व्यापार र घरायसी कामकाज पाईयो । हालपनि ३२ प्रतिशत परिवार मजदुरीमा समावेश भएको पाईयो भने व्यापार तिर २४ प्रतिशत संलग्न पाईयो । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि परिवारको आम्दानी निकै कम पाईयो । वैदेशिक रोजगारमा जानुपुर्व वार्षिक १ लाख भन्दा कम आम्दानी हुने परिवार ८० प्रतिशत रहेको पाईयो । वैदेशिक रोजगारमा संलग्न भए पश्चात उनीहरुको आम्दानी वैदेशिक रोजगारबाट मात्रै औषतमा एक जनाको मासिक रु. २६२०० रहेको र अतिरिक्त पेशाहरुबाट मासिक औषतमा रु. ५००९ हुने गरेको पाईयो । यसरी आर्जित पैसाको उपयोग बढी साहुको ऋण तिर्न, खाना, लताकपडा, औषधी उपचार, शिक्षामा गरेको पाईयो भने यसको अतिरिक्त घर बनाएको १२ प्रतिशतले, जग्गा किनेको ८ प्रतिशतले र अन्य अन्तर्गत छोराछोरीको बिहे

गरेको, विदेशी सामानहरु (घडी, मोबाइल, टि.भी. कम्प्यूटर) खरीद गरेको २८ प्रतिशत पाईयो ।

वैदेशिक रोजगारमा जानुका मुख्य कारण गरिबी देखियो । जुन ४८ प्रतिशत रहेको छ । यसको साथै बेरोजगारी १६ प्रतिशत, साहुको ऋण तिर्न १२ प्रतिशत, राजनैतिक अस्थिरता ८ प्रतिशत, पारिवारिक दवाव ४ प्रतिशत र साथीभाई गएको देखेर १२ प्रतिशत कारणहरु उत्तरदाताहरुको भनाईबाट प्राप्त गरियो । स्थानिय एजेन्ट, म्यानपावर कम्पनी हुँदै विदेश पुग्नेको संख्या बढी पाईयो भने केही मात्र मेनपावरको केन्द्रिय कार्यालयमा सम्पर्क गरि विदेश पुगेको पाईयो ।

सुचनाका स्रोत मध्ये सबैभन्दा बढी साथीभाई नातेदारबाट वैदेशिक रोजगार सम्बन्धी सुचना जानकारी प्राप्त गरेको पाईयो । जुन ७२ प्रतिशत रहेको छ । यस रोजगारमा सबै व्यक्तिहरु साहुसंग ऋण लिएर गएको पाईयो । सबैभन्दा बढी मलेशिया, त्यसपछि क्रमश कतार, दुबई र साउदी अरब गएको पाईयो । विदेशमा अदक्ष जनशक्ति जस्तै निर्माण, फैक्ट्री मा कामदारको रुपमा सबैभन्दा बढी पाईयो र मारकेटिङ, ड्राइभर को रुपमा पनि काम गरेको पाईयो । यसरी विदेश जानुभन्दा अगाडि कुनै सिप, तालिम नलिएको र गएपछि केहिले सिप सिकेको पाईयो । वैदेशिक रोजगारमा जानेक्रममा र गएपछि विभिन्न किसिमबाट १९ जना व्यक्तिहरु ठगिएको पाईयो । वैदशिक रोजगारबाट कमाएको पैसा घरपरिवारमा मासिक रु. २० देखि ३५ हजार सम्म पठाउने व्यक्तिहरु ६० प्रतिशत रहेको पाइयो । यसरी प्राप्त रेमिटान्सको उपयोग हेर्दा घरखर्च, ऋण तिरेको अतिरक्त घर जग्गा किनेको, व्यापार , विदेशी सामानहरु किनेको पाईयो । यसरी वैदेशिक रोजगारबाट आर्थिक सुधार आएको भन्नेमा ८० प्रतिशत र सामाजिक सुधार राम्रै भएको भन्नेहरु ६० प्रतिशत रहेका छन् ।

यसैगरी वैदेशिक रोजगारमा संलग्न भई फर्किएका जम्मा सहभागिहरु (५ जना) मध्ये हाल ६० प्रतिशत वेरोजगार र ४० प्रतिशत कृषि, नोकरी र व्यापारमा संलग्न भएको पाईयो । अर्को देशको भिसा नलागुन्जेल बेरोजगार रहेको र गाँउमै राम्रो रोजगारको अवसर पाए फेरी विदेश नजाने विचारहरु पनि पाईयो ।

## ५.२ अध्ययनको निष्कर्ष

गरिबी, अशिक्षा, बेरोजगारी जस्ता कारणहरुले गर्दा युवा जनशक्तिहरु विदेशिनु परेको छ । मजदुरी पेशाबाट खान र लाउन समेत अप्ठ्यारो भएको र शैक्षिक स्तर न्यून

भएका मुसलमान युवा पुरुषहरु वैदेशिक रोजगारमा जाने गरेका छन् । विवाहित र पारिवारिक संरचना एकात्मक रहेको परिवारहरु वैदेशिक रोजगारमा बढी छन् । वैदेशिक रोजगार सम्बन्धी सुचनाहरु साथीभाई नातेदार, पत्रपत्रिका, रेडियो टि.भी र स्थानिय एजेन्टहरुबाट थाहा पाउने गरेका छन् । गरिबी, रोजगारीको अवसर कम हुनु, राजनैतिक अस्थिरता (बन्द, हडताल), साथीभाई नातेदारको विदेशको कमाई राम्रो हुनु जस्ता कारणहरुले युवाहरु विदेशिदै गएका छन् । विदेश जाँदा धेरैजसोले ऋण लिएर जाने गरेका छन् । जानुपूर्व सीप नसिकि जानाले अदक्ष कामदारको रुपमा जोखिमपूर्ण कामहरुमा समावेश भई काम गर्दै आएका युवाहरु धेरै छन् । रोजगारका लागि विदेश जाने क्रममा र विदेशमा काम गरिरहेको अवस्थामा स्थानिय एजेन्ट, मेनपावर कम्पनी र विदेशमा काम गरेको कम्पनीहरुबाट तलब, सुविधा, कामको प्रकृति, प्रकृया पुरा गर्नमा ढिलासुस्ती गरिदिने जस्ता पक्षहरुबाट युवाहरु ठगिने गरेका छन् ।

विदेशबाट कमाएको पैसाले आर्थिक सुधार राम्रो भए अनुसार खाना, लताकपडा, शिक्षा, स्वास्थ्य उपचारमा सहयोग पुगेको र ऋण तिरेको साथै घरजग्गा किनेको जस्ता उपलब्धीहरु छन् भने केहीले विदेशबाट फर्किएर आएर स्वदेशमै व्यापार, नोकरी गरेका छन् । विदेशमा तोकिए अनुसार कम तलबमा काम गर्नुपर्दा परिवारको घरखर्च गर्न मात्र पुगेको र साहुको ऋणसमेत तिर्न नसकि व्याज बढ्दै गएकोले आर्थिक भार थपिदै गएको र मानसिक तनाब बढेको देखियो । यस्ता परिवारहरु कम छन् । विदेशबाट घर आउँदा प्राय : धेरै जसोले विदेशी सामानहरु जस्तै घडी, मोबाइल, टि.भी., व्याल्डकेट, कम्प्यूटर ल्याउने गरेका छन् । विदेशबाट फर्किएकाहरु रोजगारीका अन्य अवसर नपाएर पून जाने सोचमा रहेकाहरु पनि धेरै छन् । यसबाट वैदेशिक रोजगारको विकल्प फेरि वैदेशिक रोजगारी हुन गई परनिर्भरता बढेको देखियो ।

विदेश गएपश्चात परिवारमा महिला, केटाकेटी र वृद्धहरु मात्र रहनाले सामाजिक कार्य विवाह, मुत्यु संस्कार, सामाजिक विकासका कार्यहरु आदिमा युवाहरुको संलग्नता कम हुदै गएको छ । यसका साथै क्रियाशिल वा उत्पादनशिल जनशक्तिको अभावमा कृषि गर्न अप्ठ्यारो र उत्पादनमा कमि आएको साथै केहि कृषियोग्य जमिन पनि बाँझो रहने अवस्था आएको छ । वैदेशिक रोजगारीले सिरक डस्ना बनाउने जस्तो परम्परागत पेशामा कमि आई व्यापार, नोकरी तर्फ पेशा परिवर्तन हुदै गएको छ । पुरुष नहुँदा घरको जिम्मेवारी, केटाकेटी हेर्ने लगायत घरबाहिरको काममा समेत महिलाहरुको संलग्नता बढेको छ । यसले

महिलाहरुको पहुँच आर्थिक सामाजिक क्षेत्रमा बढेको र पुरुषको अनुपस्थितीमा धेरै जसो निर्णय अधिकारमा महिलाको भूमिका केही बढेको छ । पहिलाको तुलनामा छोरीहरुलाई पनि विद्यालय पठाउने परिपाटीमा वृद्धि भएको छ । यसले समाजमा लैङ्गिक विभेदमा केहि परिवर्तन आएको देखिन्छ ।

वैदेशिक रोजगारमा गएपश्चात आर्थिक वृद्धि संगै सामाजिक अवस्थामा पनि वृद्धि भएको अनुसार पहिला चाँडपर्वमा साहुको अगाडि खर्च टार्न हात थाप्नुपर्ने अवस्थामा हाल चाडपर्व राम्ररी मनाउँदै आएको केहीले अरुलाई आर्थिक सहयोग गर्दै आएकोले सामाजिक हैसियत बढेको छ । विदेशी सामानहरु भित्रिनु सुविधा हो भने यसले विदेशमा कमाएको पैसा विदेशमै गएकोले देश परनिर्भरता तिर उन्मुख भएको छ ।

वैदेशिक रोजगारीमा जाँदा ठगिने क्रमलाई कम गर्न स्थानिय तहमै चेतना अभिमुखिकरण तालिम, प्राप्त रेमिटेन्सबाट परिवारहरुलाई वचत तथा सही उत्पादनमुलक लगानी सम्बन्धी चेतनामूलक कार्यक्रम, फर्किएर आएकाहरुलाई पनि व्यवसाय रोजगारीका लागि सहुलियत ऋण र विश्वासको वातावरण बनाई दिने जस्तो कार्यमा सरकारको ध्यानाकर्षण हुन अति आवश्यक छ । वैदेशिक रोजगारीले गर्दा आज युवा जनशक्तिको अभावमा विकास निर्माण, स्थानिय घरेलु उद्योग बन्द हुने अवस्थामा छन् भने कृषिको उत्पादनमा पनि कमि आएको छ ।

वैदेशिक रोजगारले एकातिर सम्पन्नता बढाएको छ भने अर्कोतिर नेपालमा परनिर्भरता बढ्दै जाने खतरा बढेको छ । वैदेशिक रोजगार आज गरिबी, बेरोजगारी न्यूनिकरणको बैकल्पिक बाटो भएपनि यो समस्या समाधानको लागि ठोस बाटो भने होइन । यही परिपेक्षमा देशमा भएका उधोग कलकारखानालाई प्रोत्साहन दिई तथा नयाँ उद्योगधन्दाहरुमा सरकारको र अन्य निजी स्रोतहरुको लगानी बढाई स्वदेशको पसिना विदेशमा नभई स्वदेशमै सदुपयोग गरि आर्थिक रुपले सबल, सुदृढ, स्वालम्बी नेपाल सृजना गर्न सरकारको समयमै ध्यानाकर्षण हुन जरुरी छ । यसो गरिएन भने हाल गन्तव्य मानिएका मुलुकमा कुनै आर्थिक संकट देखा परेमा नेपालमा त्यसको सोझै असर पर्नेछ र मुलुकको आर्थिक अवस्था धरासायी मात्र हुँदैन सामाजिक सन्तुलनमा समेत व्यापक नकारात्मक असर पर्ने जस्ता चुनौतीहरु देखिएको छ ।

# सन्दर्भ सामग्री


आचार्य बलराम (२०६२) : *नेपाली समाजशास्त्र तथा मानवशास्त्र सिद्दान्त अवधारणा र अनुभव,* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन, बागबजार, काठमाडौ

आर्थिक सर्वेक्षण, २०७१।७२, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

आर्थिक सर्वेक्षण, २०७५।७६, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

दाहाल, गणेश (२०६६); *वैदेशिक रोजगारका विविध पक्षहरू,* प्याराडाईज इन्टरनेसनल प्रा.लि. नयाँ बानेश्वर ।

पण्डित, सूर्यकुमार (२०५७); नेपालमा वैदेशिक रोजगार, काठमाडौं: वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, ईश्वर, (२०७१), *सामाजिक परिवर्तन र विकास अध्ययन,* प्रथम संस्करण, पैरवी प्रकाशन, काठमाडौं ।

पोखरेल, नारायणदत्त (२०५७); वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव; एक समाजशास्त्रीय अध्ययन, समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

वैदेशिक रोजगार बुलेटिन (२०६८।६९), वर्ष २, अंक १,  नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, २०६८।६९: काठमाडौं ।

वैदेशिक रोजगार, वर्ष २, अंक ३, नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, काठमाडौं ।

वैदेशिक रोजगार ऐन, २०६४, नेपाल ल कमिसन वेभसाईट, काठमाडौं ।

वैदेशिक रोजगार नियमावली, २०६४, नेपाल ल कमिसन वेभसाईट, काठमाडौं ।

राई, राजकुमार र निमिल्सिना, माधवप्रसाद, (२०७०), *सामाजिक परवर्तन र विकास अध्ययन,* प्रथम संस्करण, एकेडेमीक बुक सेन्टर, काठमाडौं ।

राष्ट्रिय योजना आयोग, (२०३७); छैटौं योजनाको आधारपत्र ।

राष्ट्रिय योजना आयोग (२०६५); अन्तरिम त्रि-वर्षिय योजनाको प्रतिवेदन, सिहंदरबार, काठमाडौं ।

सर्लाही जिल्लाको वस्तुस्थिति विवरण (२०७२), जिल्ला विकास समितिको कार्यालय, सर्लाही

समष्टिगत आर्थिक सूचक भएको वार्षिक आर्थिक सर्वेक्षण (२०६९) , नेपाल राष्ट्र बैंक, काठमाडौं, वेभसाईट सामाग्री ।

शर्मा, कमलराज, (२०६६), *सामाजिक संस्था र प्रक्रियाः समाजसास्त्रीय र मावसास्त्रीय विश्लेषण,* प्रथम संस्करण, ग्लोबल पब्लिकेशन प्रा.लि., काठमाडौं ।

www.dofe.gov.np

www.baidesikrojagar.com

# घरधुरी सर्वेक्षण प्रश्नावली

## अनुसुची : क

## घरमुलीको लागि तयार पारिएको प्रश्नावली

१. घरमुलीको नाम : जात :

ठेगाना : धर्म :

उमेर : जग्गा जमिन :

२. परिवार संख्या

| महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|
| १८ वर्ष मुनिका | १८ वर्ष देखि ४० वर्ष सम्मका | ४० वर्ष माथि | १८ वर्ष मुनिका | १८ वर्ष देखि ४० वर्ष सम्मका | ४० वर्ष माथि | |
| | | | | | | |

३. शिक्षा

| नपढेका | | आधारभुत शिक्षा (८ कक्षा सम्म | | ८ कक्षा देखि १२ कक्षासम्म पढेका | | १२ कक्षा भन्दा माथि पढेका | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

४. हालको पेशा

| कृषि (जग्गा जमिन) | पशुपालन (गाइवस्तुको संख्या) | वैदेशिक रोजगार | अन्य |
|---|---|---|---|
| | | | |

५. तपाईको पहिलाको पेशा के थियो ?

(क) कृषि (ग) व्यापार (ङ) पशुपालन

(ख)नोकरी (घ)मजदूरी (च) अन्य.................

६. पहिलाको पेशाले कति महिना खान पुग्थ्यो ?

क) ३ महिना ख) ६ महिना ग) ९ महिना

घ) १२ महिना

.....................................................................................................

.....................................................................................................

**वैदेशिक रोजगारमा संलग्न रहेमा**

.....................................................................................................

.....................................................................................................

(७) कति जना छोराछोरी वैदेशिक रोजगारमा संलग्न छन् ?.

क) छोरा........जना खं छोरी.......... जना

.....................................................................................................

.....................................................................................................

(८) वैदेशिक रोजगारमा जानुको मुख्य कारण के हो ?

.....................................................................................................

.....................................................................................................

(९) वैदेशिक रोजगारीको लागि कुन देश गएका छन् ?

(१०) वैदेशिक रोजगारमा गएको कति वर्ष भयो ?

(११) विदेश जानका लागी पैसाको व्यवस्था कहाँबाट गर्नु भएको थियो ?

क. बैंकबाट ख. जग्गा बेचेर

ग. साहुबाट ऋण घ. अन्य

(१२) साहुबाट ऋण लिएको भए महिनाको कति व्याज तिर्ने गर्नु भएको छ?

(१३) लिएको ऋणको अवस्था कस्तो छ, तिरि सक्नु भएछ कि बाँकि छ?

(१४) वैदेशिक रोजगारीमा जानुपूर्व रोजगारी सम्बन्धी सीपमूलक तालिम या भाषा सिक्नुभएको छ कि छैन ? छ भने कुन तालिम लिएको ?

(१५) विदेश जानको लागि कहाँबाट थाहापाउनु भयो ?

(१६) वैदेशिक रोजगारमा कस मार्फत जानुभयो ? ठगिनु भयो कि भएन ......................

(१७) महिनाको कति रकम विदेश बाट कमाएर पठाउने गरेको छ ?

(१८) विदेश जानको लागि कति खर्च लाग्यो होला ?

(१९) घरका बच्चाहरु कहाँ पढ्छन् ?

क. सरकारी विद्यालय ख. निजी विद्यालय

(२०) घरका सदस्यहरु संगै छन् कि बसाइसराइ गरेका छन् ?

(२१) कमाएको पैसाबाट के के गर्नु भयो ?

क. साहुको ऋण तिरेको ख. जग्गा किनेको

ग. छोराछोरीको बिहे गरेको घ. घर बनाएको

ङ. अन्य .........................

(२२) बिगतका दिनहरु भन्दा कस्ता आर्थिक सामाजिक परिवर्तन भएको पाउनु भएको छ ?

(२३) आफ्नो घरको मान्छे विदेश बस्दा तपाईलाई घरमा आईपर्ने समस्याहरु के के हुन् ?

(२४) घरको किसिम : (अवलोकनबाट)

| कच्ची | पक्की |
|---|---|
| | |

२५) हालको पेशा कृषि या अन्य पनि भएमा

(i) खाद्यान्नमा के-के उत्पादन गर्नुहुन्छ ?

(क) धान (ख) मकै (ग) गहुँ (घ) तोरी

(ङ) फलफूल (च) तरकारी

(ii) फलफूल अर्न्तगत के-के उत्पादन गर्नुहुन्छ ?

(क) केरा (ख) लिची (ग) आँप (घ) अन्य

(iii) तरकारी अन्तर्गत के–के उत्पादन गर्नुहुन्छ ?

(क) आलु (ख) काउली (ग) सबै प्रकारका

(२६) उत्पादित खाधन्नले खान पुग्छ की पुग्दैन ?

.....................................................................................................

.....................................................................................................

(२७) यदि खान पुग्छ भने कति समय खान पुग्छ ?

.....................................................................................................

.....................................................................................................

(२८) यदि खान पुग्दैन भने कहाँ बाट जुटाउनुहुन्छ ?

(क) ज्याला मजदुरी गरेर (ख) नोकरी गरेर (ग) अन्य

(२९) घरको लागि मात्र उत्पादन गर्नु हुन्छ की बेच्नको लागि उत्पादन गर्नुहुन्छ ?

.....................................................................................................

.....................................................................................................

(३०) यदि बेच्नको लागि हो भने बार्षिक आम्दानी कति हुन्छ ?

.....................................................................................................

.....................................................................................................

(३१) नोकरीबाट कति आम्दानी हुन्छ ?

.....................................................................................................

.....................................................................................................

(३२) तपाई यस पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छुँ (ख) सन्तुष्ट छैन (ग) कति पनि सन्तुष्ट छैन

(३३) यदि सन्तुष्ट भए किन हुनुहुन्छ ?

.....................................................................................................

.....................................................................................................

(३४) यदि सन्तुष्ट नभए किन हुनुहुन्न ?

.....................................................................................................

.....................................................................................................

## अनुसुची : ख

## रोजगारबाट फर्किएका व्यक्तिको लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम : मिति :

ठेगाना : गा.पा. ⁄ न.पा. :

उमेर : धर्म : जात :

(१) वैदेशिक रोजगारमा जानुभन्दा अगाडीको तपाईको मुख्य पेशा के थियो ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी

(घ) अध्ययन (ङ) बेरोजगार

(२) तपाईको यस पेशााको वार्षिक कति आम्दानी हुन्थ्यो ?

.......................................................................................................

.......................................................................................................

(३) तपाईको आम्दानीले खर्च पुग्दथ्यो ?

.......................................................................................................

.......................................................................................................

(४) वैदेशिक रोजगार प्रति तपाई कसरी आकर्षित हुनु भयो ?

(क) गरिबीको कारणले (ख) साथीभाई गएको देखेर

(ग) परिवारको सल्लाहा अनुसार (घ) आम्दानी बढी गर्नको लागि

(५) वैदेशिक रोजगारमा जानुपर्ने मुख्य कारण के हो ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

(७) वैदेशिक रोजगारमा कस मार्फत जानुभयो ? ठगिनु भयो कि भएन ?

.......................................................................................................

.......................................................................................................

(८) वैदेशिक रोजगारमा जानको लागि लागत कति लाग्यो ?

.................................................................................................................

.................................................................................................................

(९) लागत कसरी जुटाउनु भयो ?

(क) ऋण लिएर　　(ख) अचल सम्पत्ति धितो राखेर

(ग) जग्गा जमिन बेचेर　　(घ) बचत रकमबाट

(१०) पहिला कुन देश गएर आउनु भएको हो ?

(क) दुबई　　(ख) साउदी अरब　　(ग) कतार

घ) अन्य ..............　　(घ) मलेसिया　　(ङ) दक्षिण कोरिया

(च) अमेरिका

(११) कुन कामको लागि जानुभएको हो ?

(क) सुरक्षा गार्ड　　(ख) ड्राईभर　　(ग) मजदुरी　　(घ) अन्य

(१२) वैदेशिक रोजगारमा तपाईको मासिक आम्दानी कति हुन्थ्यो ?

.................................................................................................................

.................................................................................................................

(१३) वैदेशिक रोजगारमा गएपछि तपाईको परिवारमा परिवर्तन भएको छ ?

(क) परिवर्तन भएको छ　　(ख) परिवर्तन भएको छैन

(१४) वैदेशिक रोजगारमा कति समय बिताउनु भयो ?

.................................................................................................................

.................................................................................................................

(१५) वैदेशिक रोजगारबाट फर्किएको कति समय भयो ?

.................................................................................................................

.................................................................................................................

(१६) वैदेशिक रोजगारबाट फर्किनुको कारण के हो ?

(क) तलब सुविधा आकर्षण नभएर　　(ख) काम गाह्रो भएर

(ग) कार्य अवधि सकिएर　　(घ) पून: जाने विचारले छुट्टि लिएर

(१७) वैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नुभयो ?

(क) जग्गा किने (ख) घर बनाए

(ग) ऋण तिरे (घ) अन्य

(१८) वैदेशिक रोजगारबाट फर्किए पछि हाल के गर्दै हुनुहुन्छ ?

(क) कृषि (ख) व्यापार

(ग) नोकरी (घ) बेरोजगार

(१९) वैदेशिक रोजगारमा पून : जान चाहनुहुन्छ ?

(क) पून : जान चाहन्छु (ख) पूनः जान चाहन्न

(ग) स्वदेशमा रोजगार पाए जान्न (घ) केही सोचेको छैन

(२०) स्वदेशको भन्दा वैदेशिक रोजगारको कमाई बढी भयो ?

(क) आम्दानी बढी भयो (ख) आम्दानी उस्तै भयो

(ग) आम्दानी झन घट्यो

(२१) वैदेशिक रोजगारले तपाईको आर्थिक स्थितिमा सुधार आएको छ ?

(क) सुधार आएको छ (ख) उस्तै छ

(ग) झन खराब भएको छ

(२३) तपाईले कुनै सिप सिकेर जानुभएको हो ?

.............................................................................................................

.............................................................................................................

(२४) वैदेशिक रोजगारमा जाँदा कुनै भाषा सिकेर जानुभएको हो ?

.............................................................................................................

.............................................................................................................

(२५) वैदेशिक रोजगारबाट कुनै सिप सिकेर आउनु भयो ?

.............................................................................................................

.............................................................................................................

(२६) वैदेशिक रोजगारबाट फर्किए पछि तपाईको सामाजिक स्थितिमा परिवर्तन भएको छ ?

(क) परिवर्तन भएको छ (ख) परिवर्तन भएको छैन

## अनुसुची : ग

## मुख्य सुचनादाताको लागि तयार पारिएको प्रश्नावली

१) वैदेशिक रोजगारमा जानुका कारणहरु के के हुन् ?

२) वैदेशिक रोजगार प्रति मान्छेहरुको आकर्षण कस्तो पाउनु भएको छ ? यस प्रतिको आकर्षण बढेको छ कि घटेको छ ?

(३) वैदेशिक रोजगारले सम्बन्धित परिवार वा समुदायमा ल्याएको आर्थिक परिवर्तनहरु के पाउनु भएको छ ?

(४) वैदेशिक रोजगारले सम्बन्धित परिवार वा समुदायमा ल्याएको सामाजिक परिवर्तनहरु के पाउनु भएको छ ?

(५) स्वदेशमै स्वरोजगार हुने बैकल्पिक संभावनाहरु के के देख्नुभएको छ ?